# आठौं वार्षिक प्रतिवेदन

## आ.व. २०७४/७५

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)

# संचालक समिति



श्री चन्द्रसिंह साउद
अध्यक्ष



श्री निरन्जन फुयाल
सदस्य



श्री प्रविन पन्दाक
सदस्य



श्री मुराहरि पराजुली
सदस्य



श्री देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत



श्री सबिना पुजारी
कम्पनी सचिव

## संचालनका केही झलकहरु







नोटः दर्ता कम्पनीहरुको संख्यामा मर्जर तथा एक्विजिशन समायोजन गरिएपछि हाल दर्ता हुने कम्पनीहरुको संख्या १९४ वटा रहेको छ ।







निक्षेप सदस्यको शाखा
१,१६०
८९७
५६३
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५


मेरो शेयर सेवा प्रदान गर्ने निक्षेप सदस्यको संख्या
६५
५६
३५
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५


मेरो शेयर प्रयोगकर्ताको संख्या
२७६,८६५
६३,३७६
१६,०६५
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५


सिआस्बा अन्तर्गत दर्ता हुने बैंक तथा वित्तीय संस्थाको संख्या
६४
७
आ.व.२०७३/७४
आ.व.२०७४/७५

# वित्तीय झलकहरु


कम्पनीको आय तथा व्यय (रु. करोडमा)
११.१६
६.५०
१५.२२
७.८७
१८.४६
५.३६
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५
आय
व्यय


जगेडा कोष र बचत (रु.करोडमा)
(३.१९)
२.२२
१०.२२
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५


खुद नाफा (रु.करोडमा)
३.६१
४.७८
८.८४
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५


प्रति शेयर आम्दानी
१२.०४
१६.४५
३०.१९
आ.व.२०७२/७३
आ.व.२०७३/७४
आ.व.२०७४/७५

# विषय सूची

सिडिएससि सम्बन्धी जानकारी ........ १
आठौं वार्षिक साधारण सभाको सूचना........ २
आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन........ ३
कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार थप विवरण ........ १७
लेखापरीक्षकको प्रतिवेदन........ २०
निक्षेप सदस्यको सूची ........ ५१
राफसाफ सदस्यको सूची ........ ५३
सि–आस्बा अन्तर्गत दर्ता भएका बैंक तथा वित्तीय संस्थाको सूची........ ५६

# सिडिएससि सम्बन्धी जानकारी

| **कम्पनीको नाम** | **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड** |
|---|---|
| कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति | २०६७ पौष ७ |
| दर्ता नम्बर | १२७४/०६७/०६८ |
| स्थायी लेखा नम्बर | ३०४४९१६६९ |
| रजिष्टर्ड कार्यालय | पुतलीसडक, काठमाडौं |
| अधिकृत पूँजी | रु. ५० करोड |
| जारी तथा चुक्ता पूँजी | रु. ३० करोड |
| शेयर संरचना<br>➢ नेपाल स्टक एक्सचेन्ज लि. | <br>१०० प्रतिशत |
| नेपाल धितोपत्र बोर्डबाट कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको मिति | २०६८ भाद्र ८ |
| विनियमावली कार्यान्वयन गरेको मिति | २०६८ माघ १ |
| पहिलो निक्षेप सदस्यता प्रदान गरेको कम्पनीको नाम र मिति | सिभिल क्यापिटल मार्केट लि., २०६९ जेष्ठ १ |
| पहिलो हितग्राही खाता खोलेको मिति | २०६९ साउन १ |
| ACG को सदस्यता प्राप्त भएको मिति | २०६९ आश्विन ५ |
| सम्पूर्ण धितोपत्रको कारोबार अभौतिकृत रुपमा गरेको मिति | २०७२ माघ १ |
| ANNA को सदस्यता प्राप्त भएको मिति | २०७३ जेष्ठ २१ |
| निक्षेप सदस्यको संख्या | ६८ |
| राफसाफ सदस्यको संख्या | ५० |
| दर्ता हुने कम्पनीको संख्या | १९४ |
| हितग्राही खाताको संख्या | १,२९६,५७२ |
| अभौतिकृत धितोपत्रको संख्या | ३,०१६,९३९,५७५ कित्ता |

# आठौं वार्षिक साधारण सभाको सूचना

यस कम्पनीको मिति २०७५ साल मंसिर २३ गते बसेको संचालक समितिको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७५ पौष २५ गते, बुधबार

समय : दिउँसो ४:३० बजे।

स्थान : चौथो तल्ला, शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं।

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. आर्थिक वर्ष २०७४/७५ को लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूची माथि छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख. विषेश प्रस्ताव**

१. आ.व.२०७४/७५ मा यस लि. को शेयरधनीलाई चुक्ता पूँजीको २० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने।

**ग.विविध।**

..................

आज्ञाले

कम्पनी सचिव

# आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रसिंह साउदज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी एवं उपस्थित महानुभावहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु। अब म संचालक समितिको तर्फबाट आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन पेश गर्दछु।

**शेयरधनी महानुभावहरु,**

संविधान जारी भए पश्चात सफलतापूर्वक सम्पन्न भएको निर्वाचनले नेपालको राजनीतिमा आएको स्थिरता संगै लगानीको वातावरण अनुकूल हुँदै गएकोले अर्थतन्त्रमा समेत सकरात्मक प्रभाव देखिन थालेको छ। आर्थिक वर्ष २०७४/७५ मा आर्थिक बृद्धिदर ५.९ प्रतिशत रहने अनुमान छ। तराईमा आएको बाढीका कारण कृषि क्षेत्रको बृद्धिदर २.७ प्रतिशत रहेतापनि उद्योग क्षेत्रको बृद्धिदर ८.८ प्रतिशत र सेवा क्षेत्रको बृद्धिदर ६.६ प्रतिशत भएबाट आर्थिक वर्ष २०७४/७५ मा उत्साहजनक आर्थिक बृद्धि भएको छ। सो को सकरात्मक प्रभाव पूँजी बजारमा समेत देखा परेको छ। आर्थिक वर्ष २०७४/७५ मा धितोपत्रको प्राथमिक बजार मार्फत् रु. २० अर्ब ७८ करोड ४३ लाख ७४ हजार पूँजी परिचालन भएको छ। यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा ६३.१३ प्रतिशतले बृद्धि भएको हो। त्यसैगरी थप निष्काशन मार्फत् रु. ११ अर्ब ५१ करोड ४८ लाख ४८ हजार १ सय ५४ परिचालन भएको छ भने हकप्रद शेयर मार्फत् रु. २५ अर्ब ७० करोड ४१ लख ८८ हजार ६ सय ७६ पूँजी परिचालन भएको छ।यस अलावा बोनस शेयर मार्फत् रु. ३३ अर्ब ८ करोड ६९ लाख ३९ हजार ९ सय ९८ पूँजी परिचालन भएको छ।

यद्यपि दोस्रो बजार कारोबारका अधिकाशं सूचकाङ्कहरु अपेक्षित रुपमा सन्तोषजनक हुन सकेन। लगानी योग्य पूँजीमा परेको चाप तथा धितोपत्रको आपूर्तिमा बृद्धि भएका कारण धितोपत्र परिसूचक तथा कारोबार रकममा गिरावट आएको छ। नेप्सेको परिसूचक अघिल्लो आर्थिक वर्ष भन्दा ३७०.३१ अकंले घटेको छ र आर्थिक वर्षको अन्तमा सो परिसूचक १२१२.३६ अंकमा रहयो। त्यसैगरी कारोबार रकममा अघिल्लो आर्थिक वर्षको तुलनामा ४०.८० प्रतिशतले गिरावट आएको छ।

त्यैसगैरी हितग्राही खाता संख्यामा पनि अघिल्लो आर्थिक वर्षको तुलनामा १२.३४ प्रतिशतले गिरावट आएको छ। अभौतिकीकरण धितोपत्रको संख्यामा भने अघिल्लो आर्थिक वर्षको तुलनामा १०.५३ प्रतिशतले बृद्धि भएको छ। लि. को आम्दानी भने गत आर्थिक वर्षको तुलनामा २१.२७ प्रतिशतले वृद्धि भएको छ।

१. **आर्थिक वर्ष २०७४/७५ मा भएका कारोबारको संक्षिप्त विवरण** :

समीक्षा वर्षमा यस लि. ले कम्पनीको संचालक समितिबाट स्वीकृत भएको कार्य योजना अन्तर्गत नै रही कार्य गरेको र यस लि. ले कार्यान्वयन गर्ने हरेक कार्य लि. को दीर्घकालिन लक्ष्य हासिल गर्ने तिर लक्षित हुने व्यहोरा समेत यहाँहरु समक्ष निवेदन गर्न चाहन्छु। यस लि. ले समीक्षा वर्षमा सम्पन्न गरेका कार्यहरुको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ :

- ❖ थप १७ वटा कम्पनीहरुसंग दर्ता सम्झौता भएको छ।
- ❖ थप ८ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरी नेपालको ७७ वटा जिल्लाहरुमा निक्षेप सदस्यको संजाल विस्तार भएको छ।
- ❖ कूल ४ लाख २१ हजार ५ सय २३ वटा नयाँ हितग्राही खाता खोलिएको छ।
- ❖ मिति २०७४ फाल्गुण ११ गतेदेखि सि-आस्बा प्रणालीको अनिवार्य कार्यान्वयन गरिएको छ।
- ❖ नेपालको पूँजीबजारको इतिहासमा पहिलो पटक सार्वजनिक निष्काशन बन्द भएको ३७ घण्टाभित्र आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को शेयर बाँडफाँट गर्न सफल भएको छ।
- ❖ सि-आस्बा प्रणालीमा आवद्ध भएका ६४ वटा बैंक तथा वित्तीय संस्था मार्फत् सिआरएन नम्बर लिने लगानीकर्ताहरुको संख्या ७ लाख ६६ हजार ५ सय ४८ रहेको छ।
- ❖ कूल ५७ वटा कम्पनीहरुले C-ASBA प्रणाली मार्फत् शेयर निष्काशन तथा बाँडफाँट गरिएको छ।
- ❖ मेरो शेयरमा :थ एयचतायष्य नामक सेवा थप गरी लगानीकर्ताहरुलाई Real Time मा आफ्नो खातामा रहेका धितोपत्रहरु मौज्दातको बजार मूल्य अनुसार कुल मूल्य (Total Share Value as per Market Price) समीक्षा गर्ने व्यवस्था गरिएको छ।
- ❖ नेपाल लेखामान बोर्डले आ.व. २०७३/७४ देखि सबै सरकारी स्वामित्व भएका निकायहरुले वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) अनुरुप तयार गर्नुपर्ने सूचना जारी भएअनुसार कम्पनीको वित्तीय विवरणहरु NFRS को अनुपालना गरी तयार गरिएको छ।

- ❖ संचालन आम्दानीमा १३.३० प्रतिशतले वृद्धि भई आयकर अघिको नाफा रु.१३ करोड ७ लाख ९८ हजार १ सय ५ रुपैयाँ आर्जन गरेकोमा कर्मचारीहरुलाई बोनस व्यवस्था पछि आ.व.२०७४/७५ कर योग्य आय रु.१२ करोड ५८ लाख ८५ हजार मा नियमानुसार लाग्ने कर ३ करोड १४ लाख ७१ हजार भुक्तानी भएको छ।
- ❖ आ.व.२०७४/७५ मा खुद नाफा रु.८ करोड ८३ लाख ७२ हजार ९१ रुपैयाँ रहेको छ। गत आ.व. २०७३/७४ को खुद नाफा रु.१ करोड ३८ लाख ७३ हजार ६ सय ४० रुपैयाँ समेत गरी कम्पनीको जगेडा कोषमा १० करोड २२ लाख ४५ हजार ७ सय ३० रुपैयाँ रहेको छ।

अब म आ.व. २०७४/७५ को कार्य प्रगतिलाई कम्पनीको नीतिगत तथा संस्थागत सुधार सम्बन्धी गतिविधि र कारोबार सम्बन्धी गतिविधि गरी दुई भागमा प्रस्तुत गर्न चाहन्छु।

## १.१ नीतिगत तथा संस्थागत गतिविधि :

नीतिगत तथा संस्थागत गतिविधि अन्तर्गत देहाय बमोजिमका कार्यहरु सम्पन्न भयो :

### क.विनियमावली संशोधन :

परिवर्तनशील राष्ट्रिय-अन्तर्राष्ट्रिय आर्थिक तथा व्यवसायिक वातावरण अनुरुप यस लि.ले समेट्दै आएको कामसँग सम्बन्धित विषयमा समयानुकूल सुधार हुँदै आएको छ। समयअनुसार सृजना भएका आवश्यकता तथा कम्पनीको कार्यमा सुधार ल्याउन लि. मा समय समयमा कम्पनीले पालना गर्नुपर्ने नीति तथा नियम संशोधन हुँदै आएको छ। सोही क्रममा आ. व. २०७४/७५ मा धितोपत्र केन्द्रीय निक्षेप विनियमावली, २०६८ मा संसोधन स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको साथै कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरीक विनियमावली, २०६७ समेत अद्यावधिक गर्नु आवश्यक देखिएकोले सो संशोधन माथि परामर्शका लागि नेपाल सरकार अर्थमन्त्रालय मार्फत् लोक सेवा आयोगमा पठाईएको छ।

### ख. संगठनात्मक संरचना संशोधन :

यस लि.को सांगठनिक संरचनाको कमी कमजोरीलाई सम्बोधन गर्दै जनशक्ति तथा व्यवस्थापकिय सुधारमा विशेष जोड दिई सिडिएससिको उद्देश्य, योजना, नीति, रणनीति तथा कार्यनीतिलाइ प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउन संगठनात्मक संरचना संशोधन गरिएको छ। सो संशोधित संरचना अनुरुप कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक विनियमावली, २०६७ मा समेत आवश्यक संशोधन गरिएको छ।

**ग. कम्पनीको सफ्टवेयर प्रणालीमा सुधार :**

एम.जि.एस. एण्ड एसोसिएटसूले पेश गरेको स्सिटम अडिट प्रतिवेदन नेपाल धितोपत्र बोर्डमा पेश गरी सो प्रतिवेदनमा भएका कैफियतहरुलाई सुधार गर्ने प्रक्रिया थालनी गरिसकिएको छ। कम्पनीले प्राविधिक सुधार गरेका कार्यहरु देहाय बमोजिमका छन् :

**अ. सफ्टवेयर तथा हार्डवेयर खरिद :**

कार्यालयको सेवा विस्तारसंगै हाल मौज्दात उपकरणहरुको स्तरोन्नती गरी थप उपकरणहरु जडान गर्न र कार्यालयको सेवालाई थप विश्वसनीय र सुरक्षित रुपमा संचालन गर्न Disaster Recovery Site को स्थापना गर्नका लागि आवश्यक रहेको सर्भर, स्टोरेज, फायरवाल तथा अन्य उपकरण र विन्डोज सर्भर, भिएमवेयर, भियम ब्याकअप लगाएतका हार्डवेयर र सफ्टवेयर खरिद गर्न प्रकृया अगाडि बढाइसकेको छ।

**आ.Core System CDAS Application मा स्तरोन्नती :**

यस लि. ले प्रयोग गर्दै आएको CDAS Application को स्तरोन्नतीका लागि प्रणालीमा अपग्रेडेड विषेशताहरु थप गर्न अत्यावश्यक रहेकोले लि. को समितिबाट निर्देशन भएबमोजिम उक्त सफ्टवेयरको स्तरोन्नतीका लागि आवश्यक प्रकृया थालनी गरिसकिएको छ।

**घ. मानव संशाधन विकास, तालिम एवं गोष्ठी :**

कम्पनीमा कार्यरत कर्मचारीहरु र व्यवस्थापन बीचको सम्बन्ध सौहार्दपूर्ण र सुमधुर रहदै आएको छ। आर्थिक वर्षको अन्त्यमा कम्पनीमा स्थायी र करारमा गरी कूल ३१ जना कर्मचारीहरु कार्यरत छन्। कर्मचारीहरुको कार्यकुशलता तथा कार्यक्षमता अभिबृद्धि गर्न कम्पनीले उपयुक्त वातावरणको सृजना गरी आन्तरिक, बाह्य तथा अन्तर्राष्ट्रिय प्रशिक्षणहरुमा कर्मचारीहरुलाई सहभागी गराउँदै आएको छ। कम्पनीको कर्मचारीहरुलाई समय सापेक्ष अनुसारको सेवा सुविधाहरु प्रदान गर्दै आएको छ। साथै कम्पनी प्रति दत्तचित्त, कर्तव्यनिष्ठ र अनुशासित भई काम गरेका कर्मचारीहरुको उचित मूल्यांकन गरी पुरस्कार समेत प्रदान गरेको छ।

**ङ जनचेतना मूलक कार्यक्रम तथा तालिम :**

भौतिक रुपमा परिचालन भइरहेको पूँजी बजार अभौतिकृत रुपमा स्तरोन्नति गर्न यस कम्पनीको स्थापना भएलगत्तै भौतिक कारोबारलाई प्रतिस्थापन गरेको छ। यस लि. लगानीकर्ताहरुलाई उच्च स्तरीय सेवा दिन सदैव तयार रहदै आएको छ। तसर्थ यस लि. र लि. को सेवा सम्बन्धी जानकारी जनमानसमा पुऱ्याउन लि. ले विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्दै आएको छ। आर्थिक वर्षमा जम्मा ६ वटा प्रदेशमा २५ वटा स्थानहरुमा सचेतना कार्यक्रम आयोजना गरेको छ। यस लि. को सेवा निक्षेप सदस्य मार्फत् प्राप्त हुने हुँदा निक्षेप सदस्यहरुलाई समेत विभिन्न तालिम तथा कार्यशालाको आयोजना गरेको छ। साथै नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज लि. ले आयोजना गरेको लगानीकर्ता सचेतना कार्यक्रमहरुमा समेत यस कम्पनीले सहभागिता जनाई लगानीकर्ताहरुलाई सचेत गराउने काम गर्दै आएको छ।

**च. कम्पनीको सूचना प्रवाह :**

कम्पनीले लगानीकर्ताहरु तथा सम्बन्धित पक्षहरुलाई कम्पनी सम्बन्धी आवश्यक जानकारी विभिन्न राष्ट्रिय पत्रपत्रिका तथा विज्ञप्ति मार्फत् प्रकाशन गराउँदै आएको छ। कम्पनी र यसका गतिविधिका सम्बन्धी जानकारी वेवसाईटमा नियमित सूचना तथा परिपत्रहरु अद्यावधिक गर्दै आएको छ।

**छ. अन्तर्राष्ट्रिय सम्बन्ध :**

यस लि. सदस्य रहेको Asia Pacific CSD Group (ACG) र Association of National Numbering Agencies (ANNA) ले आयोजना गर्ने वार्षिक साधारण सभा, तालिम तथा गोष्ठीमा कम्पनीले सक्रिय सहभागिता जनाउँदै आएको छ। साथै सदस्यहरुलाई समय समयमा सर्वेक्षणका लागि पठाइएका प्रश्नहरुको समेत उत्तर पठाई अन्तर्राष्ट्रिय सूचना तथा धारणाहरु एक-आपसमा साटासाट गरी सुमधुर सम्बन्ध कायम गर्न सफल भएको छ।

**१.२ कम्पनीको कारोबार सम्बन्धी गतिविधि :**

**शेयरधनी महानुभावहरु,**

यस लि. को आ.व. २०७४/७५ को कारोबार सम्बन्धी गतिविधि देहाय बमोजिम रहेको छ :

**क. दर्ता कम्पनीको संख्या :**

आ. व. २०७४/७५ मा कूल १७ वटा रहेको छ र उक्त कम्पनीहरु यस लि. मा दर्ता भएका छन् । आ.व. २०७२/७३ मा दर्ता हुने कम्पनीको संख्या ९२ वटा थिए भने आ.व. २०७३/७४ मा सो को संख्या २३ वटा थिए । आ.व. २०७४/७५ को अन्त्य सम्ममा दर्ता हुने कम्पनीहरुको संख्या कूल १९४ वटा रहेको छ ।

**तालिका नं. १ : दर्ता कम्पनीको संख्या**

| आर्थिक वर्ष | संख्या |
|---|---|
| आ.व. २०७२/७३ | ९२ |
| आ.व. २०७३/७४ | २३ |
| आ.व. २०७४/७५ | १७ |

**ख. निक्षेप सदस्यको संख्या :**

धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २१ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्र प्राप्त गरी सर्वसाधारण लगानीकर्ताहरुलाई केन्द्रीय निक्षेप सेवा सहज बनाउन तथा अभिलेखीकरण कार्य गर्नका लागि निक्षेप सदस्यको रुपमा सेवा प्रवाह गर्न यस लि. बाट निक्षेप सदस्यता प्राप्त गर्नु पर्ने प्रावधान अनुरुप आ.व. २०७२/७३ मा १३ वटा, आ.व. २०७३/७४ मा ४ वटा र आ.व. २०७४/७५ मा ८ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ । आर्थिक वर्षको अन्त्यसम्ममा निक्षेप सदस्यको संख्या कूल ६८ वटा पुगेको छ । उक्तनिक्षेप सदस्यहरु मध्ये १५ वटा निक्षेप सदस्यहरुले DP Secure सफ्टवेयर प्रयोग गरी ७७ वटा जिल्लाहरुमा निक्षेप सेवा विस्तार गर्दै आएका छन् ।

**तालिका नं. २ : निक्षेप सदस्यको संख्या**

| आर्थिक वर्ष | संख्या |
|---|---|
| आ.व. २०७२/७३ | १३ |
| आ.व. २०७३/७४ | ४ |
| आ.व. २०७४/७५ | ८ |

**ग. हितग्राही डिम्याट् खाताको संख्या :**

नेपाल स्टक एक्सचेन्ज लि. मा धितोपत्रको कारोबार गर्न लगानीकर्ताले डिम्याट् खाता खोली धितोपत्रको अभौतिकृत गर्नुपर्ने व्यवस्थानुसार हितग्राही खाताको संख्या आ.व. २०७२/७३ मा ३ लाख ५३ हजार १ सय ३६ वटा, आ.व.२०७३/७४ मा ४ लाख ८० हजार ८ सय ७६ वटा र आ.व. २०७४/७५ मा ४ लाख २१ हजार ५ सय २३ रहेको छ। आ.व. २०७४/७५ को अन्त्यसम्ममा हितग्राहीको डिम्याट् खाताको कूल संख्या १२ लाख ९६ हजार ५ सय ७२ वटा पुगेको छ।

**तालिका नं. ३ : डिम्याट् खाताको संख्या**

| आर्थिक वर्ष | संख्या |
|---|---|
| आ.व. २०७२/७३ | ३५३,१३६ |
| आ.व. २०७३/७४ | ४८०,८७६ |
| आ.व. २०७४/७५ | ४२१,५२३ |

**घ. अभौतिकीकरण गरिएका धितोपत्रको संख्या :**

नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत कम्पनीहरुको संख्या तथा सूचीकृत धितोपत्र संख्यामा भएको बृद्धि संगसंगै अभौतिकिकरणका लागि दर्ता गर्ने कम्पनीहरुको तथा धितोपत्रको संख्यामा समेत उल्लेखनिय बृद्धि भई बजारमा सकारात्मक प्रभाव परेको छ। आ.व. २०७२/७३ मा ९० करोड ७७ लाख ६६ हजार २ सय ७३ कित्ता, आ.व. २०७३/७४ मा १ अर्ब ५ करोड ९४ लाख ६३ हजार २ सय ९९ कित्ता र आ.व. २०७४/७५ मा १ अर्ब २० करोड ८५ लाख ८२ हजार २ सय कित्ता धितोपत्र अभौतिकीकरण भएको छ। आ.व. २०७४/७५ अन्त्यसम्म अभौतिकृत धितोपत्रको संख्या ३ अर्ब १६ करोड ९ लाख ३९ हजार ५ सय ७५ कित्ता पुगेको छ।

**तालिका नं. ४ : अभौतिकृत धितोपत्रको संख्या**

| आर्थिक वर्ष | कित्ता संख्या (करोडमा) |
|---|---|
| आ.व. २०७२/७३ | ९०.७७ |
| आ.व. २०७३/७४ | १०५.९४ |
| आ.व. २०७४/७५ | १२०.८६ |

माथि उल्लेखित आ.व. २०७४।७५ को कूल अभौतिक धितोपत्रको संख्यालाई धितोपत्रको किसिम अनुसार विभाजन गरी सो को अभौतिकृत संख्या निम्न बमोजिम उल्लेख गरिएको छ :

**तालिका नं. ५ : धितोपत्रको किसिम तथा सोको अभौतिकृत संख्या**

| धितोपत्रको किसिम | धितोपत्रको संख्या (करोडमा) |
|---|---|
| सामूहिक लगानी कोष इकाई | ६९.७८ |
| परिवर्तनीय अग्राधिकार शेयर | ०.०१८ |
| सर्वसाधारण शेयर | २१.२३ |
| संस्थापक शेयर | २९.६१ |
| ऋणपत्र | ०.२२ |
| **जम्मा** | **१२०.८६** |

**ङ कारोबारको राफसाफ रकम तथा संख्या :**

नेपाल स्टक एक्सचेन्ज लि. मा भएको कारोबारको रकम, कारोबारको संख्या तथा अभौतिकृत धितोपत्रको संख्या देहाय बमोजिम रहेको छ :

**तालिका नं. ६ : कारोबारको राफसाफ रकम तथा संख्या**

| आर्थिक वर्ष २०७४/७५ | कारोबारको संख्या (हजारमा) | कारोबारकोरकम रु. (करोडमा) | अभौतिकृत धितोपत्रको संख्या (करोडमा) |
|---|---|---|---|
| श्रावण | १८७.४८ | २१६३.७८ | ४.५३ |
| भाद्र | १४९.५५ | १३५४.२९ | ३.६५ |
| असोज | ६६.८४ | ६६३.९६ | १.४५ |
| कार्तिक | १०१.१२ | ९८०.७० | २.४४ |
| मंसिर | ९६.०९ | १०६३.०५ | २.१४ |

| | | | |
|---|---|---|---|
| पौष | १०१.९८ | ९९९.५० | २.२५ |
| माघ | ७०.२५ | ५८८.१० | १.५५ |
| फाल्गुण | ८४.४७ | ७५७.५७ | १.८६ |
| चैत्र | ११९.७० | ८४५.८६ | २.४४ |
| बैशाख | १४७.६४ | १२७७.९२ | २.७८ |
| जेष्ठ | ९७.७७ | ८०७.०१ | १.९० |
| असार | ८७.४८ | ६११.९७ | २.०६ |
| **जम्मा धितोपत्रको संख्या** | १३१०.०० | १२१६३.६९ | २९.५६ |

**च. अन्य सेवाको सम्बन्धमा :**

यस लि. ले पूँजी बजारसंग सम्बन्धित पक्ष तथा लगानीकर्ताहरुलाई सहजता प्रदान गर्नका लागि देहाय बमोजिमका सेवाहरु प्रदान गर्दै आएको छ :

**अ. मेरो शेयर :**

हितग्राहीलाई आफ्नो विवरण कागजरहित उपलब्ध गराउन तथा निजहरुको खातामा अनाधिकृत कारोबारको जोखिमलाई हटाउनका लागि आफ्नो खातामा भएको कारोबारको विवरण अनलाइन मार्फत् उपलब्ध गराउन सिडिएससिले तयार गरेको नयाँ Applications “मेरो शेयर” प्रयोग गर्ने निक्षेप सदस्यको संख्या ६५ पुगेको छ। उक्त सफ्टवेयर मार्फत् हितग्राहीले सोभै विभिन्न IPO, FPO र हकप्रद शेयर आवेदन भर्न सक्ने थप सुविधा प्रदान गरिएको छ। मेरो शेयरमा My Portfolio नामक सेवा थप गरी लगानीकर्ताहरुलाई Real Time मा आफ्नो खातामा रहेका धितोपत्रहरु मौज्दातको बजार मूल्य अनुसार कुल मूल्य (Total Share Value as per Market Price) समीक्षा गर्ने समेत व्यवस्था गरिएको छ।

**आ. Centralized Application for ASBA Based Issuance (C-ASBA) :**

नेपाल धितोपत्र बोर्डबाट लागू भएको आस्बा प्रणालीमा आवद्ध पक्षहरुलाई थप सहजीकरण प्रदान गर्न तथा थप व्यवस्थित गर्न सिडिएससिले केन्द्रीकृत प्रणाली सि-आस्बा (Centralized Application for ASBA Based Issuance) नामक सफ्टवेयर विकास गरी सम्पूर्ण आस्बा सदस्य बैंकहरुलाई सि-आस्बा प्रणालिमा आवद्ध गरिएको छ। आ.व. २०७४।७५ अन्त्य सम्ममा सि-आस्बा सफ्टवेयर प्रयोग गर्ने कम्पनीहरुको संख्या ६४ पुगेका छ। आ.व. २०७४।७५ मा जम्मा ५७ वटा कम्पनीहरुले सि-आस्बा प्रणाली मार्फत् शेयर निष्काशन तथा बाँडफाँट गरेका छन्। ती मध्ये १९ वटा कम्पनीहरुले प्राथमिक सार्वजनिक निष्काशन गरेका छन्, ६ वटा कम्पनीहरुले थप निष्काशन गरेका छन् भने ३२ वटा कम्पनीहरुले हकप्रद शेयर निष्काशन गरेका छन्।

**इ. Centralized Know Your Customer:**

यस लि. ले आ.व. २०७४।७५ मा केन्द्रीकृत Know Your Customer (KYC) Application तयार गरी परीक्षण गरिरहेको छ। उक्त सफ्टवेयर सम्पूर्ण निक्षेप सदस्यहरुलाई प्रयोगका लागि जारी गर्ने योजना रहेको छ। प्रत्येक निकायमा दर्ता भएपश्चात् लगानीकर्ताहरुले सो कम्पनीसंग सम्बन्धित KYC फाराम भरेर बुझाउनु पर्ने समस्यालाई यस प्रणालीले सहजता प्रदान गर्दछ। यो प्रणाली लागू भएपश्चात् लगानीकर्ताले कुनै एक निकायमा KYC Update गरेपछि सो विवरण सम्पूर्ण आवद्ध नियकायहरुले प्राप्त गर्ने हुँदा लगानीकर्ताले आफ्नो विवरण हरेक कम्पनीमा गएर अद्यावधिक गराउनु पर्दैन । यस प्रणालीमा लगानीकर्ताको अद्यावधिक विवरण राख्ने हुँदावास्तविक लगानीकर्ताको पहिचान गर्न समेत सहयोग पुग्दछ।

**२. कम्पनीको कार्ययोजना तथा चुनौतिहरु :**

**क. कम्पनीको कार्ययोजना :**

- ❖ कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली अनुरुप आन्तरीक बढुवा, आन्तरीक प्रतियोगिता तथा खुला प्रतियोगिता मार्फत रिक्त पदपूर्ति गर्न आवश्यक प्रकृया गर्ने।
- ❖ कर्मचारीको क्षमता अभिवृद्धि गर्न साथै कार्य सम्पादन प्रभावकारी बनाउन विभिन्न तालिम, गोष्ठी आदिमा सहभागीताका लागि आवश्यक व्यवस्था मिलाउने।
- ❖ निक्षेप सदस्यता प्रदान गरी संजाल विस्तार गर्ने।
- ❖ नेपाल धितोपत्र बोर्डमा दर्ता भएका कम्पनीहरुको धितोपत्र अभौतिकीकरणका लागि दर्ता गरी International Securities Identification Number (ISIN) प्रदान गर्ने।

- कार्यालयमा प्रयोग हुँदै आएको हार्डवेयर तथा सफ्टवेयरलाई प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न Disaster Recovery Site स्थापना गर्न र हार्डवेयर तथा सफ्टवेयर खरिद गर्ने ।
- हालको CDAS Applicationलाई web based मा स्तारोन्नती गर्ने ।
- लगानीकर्ता, संगठित संस्था तथा सम्बन्धित पक्षहरुलाई कम्पनी तथा कम्पनीले प्रदान गर्ने सेवा सम्बन्धी आवश्यक सचेतना कार्यक्रम आयोजना गर्ने ।
- प्रत्येक निकायमा दर्ता भएपश्चात् लगानीकर्ताहरुले सो कम्पनीसंग सम्बन्धित KYC फाराम भरेर बुझाउनु पर्ने समस्यालाई निर्मूल पार्न KYC Application विकास गर्ने ।

**ख. कम्पनीका चुनौतिहरु :**

- उपत्यका भित्र तथा बाहिरका लगानीकर्ताहरुलाई यस कम्पनीको सेवा बारे शिक्षित तथा सचेत गरी केन्द्रीय निक्षेप प्रणालीमा आवद्ध गराउने ।
- कम्पनी संचालनमा आउनु अगाडि बनेका ऐन, नीति, नियम तथा विनियममा समयानुकूल संशोधन नहुँदा बाधा अड्चन देखा परेको ।
- धितोपत्र केन्द्रीय निक्षेप सम्बन्धी ऐन नहुँदा सो संग संभावित जोखिम हुने ।
- हालसम्म Settlement Guarantee Fund को व्यवस्था नभइसकेको हुँदा Funds को shortage हुँदा समस्या देखापरेको ।
- कम्पनीको कार्य संचालन संगै जोखिम न्यूनिकरण गर्न तथा कार्यान्वयनमा सहजता प्रदान गर्न नयाँ नीति तथा सो संग सम्बन्धित नयाँ प्रविधि निर्माण गर्न ।
- कम्पनीसंग आवद्ध पक्षहरुको Smart निरीक्षण गर्न विद्युतीय प्रविधि तयार गर्न ।
- तथ्यांकको सुरक्षित व्यवस्थापन गर्न ।
- धितोपत्र कारोबारको फछ्र्यौट समयमा नभएको अवस्थामा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ बमोजिम क्लोज आउट भएको कारोबार मूल्यको बीस प्रतिशत रकम थप गरी खरिदकर्तालाई बुझाउने रकम सम्बन्धित खरिदकर्ताले प्राप्त गरेको नगरेको यकिन गर्ने व्यवस्था मिलाउन ।

**३. लेखा परीक्षकको नियुक्ती :**

महालेखापरीक्षक कार्यालयबाट परामर्श भएको लेखापरीक्षण कम्पनीबाट आ.व. २०७३।७४ बाट लेखापरीक्षणको कार्य हुँदै आएको छ। लेखापरीक्षण महालेखापरीक्षकबाट कम्पनीको आ.व. २०७४।७५ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेन्ट शेषमणी दाहाललाई नियुक्ति गर्न परामर्श भएबमोजिम यस लि. को सातौं वार्षिक सभाबाट पारित भई निज दाहालबाट नै लेखापरीक्षणको कार्य सम्पन्न भएको छ। चार्टर्ड एकाउण्टेन्ट शेषमणी दाहाललाई नियुक्त गरी ICAN ले तोकेको न्यूनतम शुल्क रु. १ लाख मु.अ.क. सहित र कर लेखापरीक्षणको लागि समेत रु. १ लाख मु.अ.क. सहित गरी जम्मा रु. २ लाख प्रस्ताव पारित गरिएको व्यहोरा यहाँहरु सबैलाई विदितै छ।

**४. लेखा परीक्षण प्रतिवेदन :**

आ.व. २०७४/७५ को लेखा परीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन पेश गर्न पाएको व्यहोरा सम्पूर्ण शेयरधनीलाई जानकारी गराउन पाउँदा अत्यन्तै खुशी लागेको छ।

**४.१ लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण :**

लेखापरीक्षण समितिका सदस्यहरुको नामावली देहाय बमोजिम रहेको छ :

१)श्री निरन्जन फुयाल – संयोजक

२) श्री मुराहरि पराजुली – सदस्य

लेखा परीक्षण समितिका सदस्यहरुलाई प्रत्येक बैठकका लागि बैठक भत्ता कर सहित रु.३,०००।- बाहेक अन्य कुनै अतिरिक्त पारिश्रमिक प्रदान गरिएको छैन । सो समितिले आन्तरिक प्रतिवेदनहरुको अध्ययन, पुनरावलोकनका साथै सुधारका लागि आवश्यक निर्देशन जारी गर्ने र संचालक समितिलाई सो को जानकारी उपलब्ध गराउँदै आएको छ। यसका लागि वित्त शाखा प्रमुखले सहयोगीको कार्य गर्दै आउनु भएको छ।

**४.२ कम्पनीको आय व्यय विवरण :**

नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम कम्पनीले आ.व.२०७३/७४ मा रु.१५ करोड २१ लाख ७७ हजार ७ सय २७ रुपैयाँ आम्दानी गरिएकोमा आ.व.२०७४/७५ मा रु. १८ करोड ४५ लाख ५२ हजार ६ सय ४३ रुपैयाँ आर्जन गर्न

सफल भएको छ। यस आ.व.मा आम्दानी गत आर्थिक वर्षको तुलनामा २१.२७ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी खर्च तर्फ आ.व. २०७३/७४ मा रु. ७ करोड ८७ लाख ३७ हजार ४५ रुपैयाँ खर्च भएकोमा आ.व. २०७४/७५ मा रु. ५ करोड ३७ लाख ५४ हजार ५ सय ३७ रुपैयाँ खर्च भएको छ। यस आ.व.२०७४/७५ मा कम्पनीको खर्च गत आ.व.२०७३/७४ को भन्दा ३१.७३ प्रतिशतल  कम भएको छ।

आ.व.२०७४/७५ मा रु.१३ करोड ७ लाख ९८ हजार १ सय ५ रुपैयाँ संचालन मुनाफा आर्जन गरेकोले बोनस ऐन, २०३० को बोनस नियमावली अनुसार कर्मचारीहरुलाई रु.१ करोड ४ लाख ६३ हजार ८ सय ४८ रुपैयाँ बोनश व्यवस्था गरेको छ जुन कम्पनीको नाफाको ८ प्रतिशत रहेको छ।

कर्मचारीहरुलाई बोनस व्यवस्था पछि आ.व.२०७४/७५ मा कर योग्य आय रु.१२ करोड ५८ लाख ८५ हजार मा नियमानुसार लाग्ने कर ३ करोड १४ लाख ७१ हजार भुक्तानी भएको छ। स्थगन कर खर्च तथा अन्य सम्पत्तिको उचित मूल्य (Fair Value) मूल्याङ्कन नाफा/(नोक्सान) समायोजन पश्चात आ.व.२०७४/७५ मा खुद नाफा रु.८ करोड ८३ लाख ७२ हजार ९१ रुपैयाँ रहेको छ। गत आ.व. २०७३/७४ मा कम्पनीको घाटालाई समायोजन गर्दा कम्पनीको खुद नाफा रु.१ करोड ३८ लाख ७३ हजार ६ सय ४० रुपैयाँ जगेडा कोषमा रहेकोमा आ.व.२०७४/७५ मा सो कोषमा रु. १० करोड २२ लाख ४५ हजार ७ सय ३० रुपैयाँ रहेको छ।

**४.३ शेयर स्वामित्व ग्रहण :**

यस लि. को अधिकृत पूँजी ५० लाख कित्ता प्रति शेयर रु.१०० मा विभाजन गरी रु.५० करोड कायम गरिएको छ भने जारी तथा चुक्ता पूँजी ३० लाख कित्ता प्रति शेयर रु.१०० को दरले रु.३० करोड कायम गरिएको छ। आ.व.२०६९/७० मा संस्थापक कम्पनी नेपाल स्टक एक्सचेन्ज लि. बाट सम्पूर्ण रकम रु.३० करोड नै चुक्ता भएको छ।

**४.४ लाभांश वितरण :**

कम्पनीले आ.व.२०७४/७५ मा संचित मुनाफा आर्जन गर्न सफल भएकोले शेयरधनीलाई २० प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरिएको छ।

## ५. विविध :

### क. संचालक समितिमा परिवर्तन

यस लि. को नियमावलीको निमय २७ मा रहेको व्यवस्थानुसार लि. को संचालक समितिमा नेप्सेबाट श्री सागर ढुंगेलले प्रतिनिधित्व गर्दै आउनुभएकोमा श्री प्रविन पन्दाक नयाँ संचालकको रुपमा नियुक्त हुनुभएको छ। तत्कालिन संचालक श्री सागर ढुंगेलले उहाँको कार्यकालमा यस लि. को विकास तथा विस्तारमा पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद दिदैं भविष्यका लागि आवश्यक सहयोगको अपेक्षा गर्दै उहाँको उत्तरोत्तरको प्रगति कामना गर्दछु।

## ६. कृतज्ञता ज्ञापन :

यस लि. को प्रगति तथा समृद्धिका लागि हरेक क्रियाकलापमा सदा गहिरो अभिरुचि देखाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले यस लि. लाई सहयोग तथा सुझाव दिई कम्पनीको कार्यदक्षता तथा सेवा वृद्धि गर्न मद्दत गर्ने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहक महानुभावहरु, पूर्व अध्यक्ष तथा संचालकहरु, पूर्व कार्यकारी प्रमुखहरु, कम्पनीको हित तथा प्रगतिको लागि मार्ग निर्देशन गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. लगायत सम्पूर्ण नियामक निकायहरु तथा कम्पनीको उन्नतिमा अनवरत लागि पर्ने कम्पनीका संचालकहरु, कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु एवं संचारकर्मीहरु प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा कम्पनीले अझ गुणस्तरीय सेवा प्रदान गर्न सदैव तत्पर रहने प्रतिबद्धता जाहेर गर्दछु।

अन्त्यमा, यस आठौं वार्षिक साधारण सभामा यहाँहरुलाई पुनः एक पटक स्वागत गर्दै सम्बन्धित सबैको उत्तरोत्तर उन्नति र प्रगतिको कामना गर्दछु।

धन्यवाद।

अध्यक्ष

चन्द्रसिंह साउद

# कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार थप विवरण

**क. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

कुनै कैफियत नरहेको ।

**ख. लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

शेयरधनीलाई आ.व. २०७४।७५ मा चुक्ता पूँजीको २० प्रतिशत नगद लाभाशं दिने घोषणा गरिएको छ ।

**ग. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण :**

नभएको ।

**घ. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

यस लि. ले विकास गरेको C-ASBA सफ्टवेयर मार्फत IPO निष्काशन बन्द भएको ३७ घण्टामा धितोपत्र बाँडफाँट गर्न सफल भएको छ र सो कार्यान्वयन संगै सूचीकृत प्रकृया समेत छिटो भई लगानीकर्ताहरुले धितोपत्र निष्काशनको छोटो समयमा नै कारोबार गर्न सहज भएको छ ।

**ङ. विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) का प्रतिनिधिले संचालक समितिमा प्रतिनिधित्व गर्ने हुँदा प्रतिनिधित्व गर्ने संचालकहरुले व्यक्तिगत रुपमा शेयर ग्रहण नगरेको ।

| सहभागी संस्थाहरु | शेयर प्रतिशत | शेयर संख्या |
|---|---|---|
| नेप्से | १००% | ३०,००,००० |

**च. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा** :नभएको ।

**छ. कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम :**

नभएको ।

**ज. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

(१) कार्य संचालन खर्च - रु. ३२,५२०,४०१।-

(२) कर्मचारी खर्च - रु. २१,२३६,४१३।-

(३) कूल खर्च - रु. ५३,७५४,५३७।-

**झ. लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसार आ.व. २०७४/७५ मा लेखा परीक्षण समितिमा संचालक परिवर्तनले गर्दा तपशिल बमोजिम पुनर्गठन गरिएको छ :

(१) श्री निरन्जन फुयाँल - संयोजक

(२) श्री मुराहरि पराजुली - सदस्य

यस समिति सचिवालयको काम वित्त शााखाले गर्दछ। यस समितिले आफ्नो कार्यविधि तर्जुमा गर्नुका अतिरिक्त आगामी आर्थिक वर्षको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन विस्तृत रुपमा अध्ययन गरी व्यवस्थापनलाई निर्देशन दिने र संचालक समितिलाई सो को जानकारी उपलब्ध गराउँदै आएको छ। आ.व. २०७४/७५ मा यस समितिको बैठक ११ पटक बसी संयोजक लगायत सदस्यहरुलाई प्रति बैठक कर सहित रु.३,००० मात्र उपलब्ध गरिएको छ।

ञ. **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा** :नभएको।

**ट. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम** (**आषाढ मसान्त २०७३**) :

नभएको।

**ठ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण** :

नभएको।

**ड. दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरणः**

नभएको।

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स,

पुतलीसडक, काठमाडौं

## लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण

आ.व. २०७४/७५

सिए. शेषमणि दाहाल

एस.एम. दाहाल एण्ड एशोसिएट्स

चार्टर्ड एकाउन्टेण्ट्स

नयाँबानेश्वर, काठमाण्डौ

**SM Dahal & Associates**
***Chartered Accountants***

KMPC, Ward No. 10
New Baneshwor, Kathmandu, Nepal
T: +977-9851086331
E: sheshmani.dahal@gmail.com

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष**

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको** (यस पछि 'कम्पनी' भनिएको) यसै साथ संलग्न २०७५ आषाढ मसान्त (१६ जुलाई २०१८) को आर्थिक अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धि महत्वपूर्ण अनुमान गर्ने दायित्व समेत समावेश रहेको हुन्छ ।

३. **लेखापरिक्षकको जिम्मेवारी**

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरिक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धि सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मुल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त रहेका छौं ।

४. **मन्तव्य**

हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको २०७५ आषाढ मसान्त (१६ जुलाई २०१८) को आर्थिक अवस्थाको स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही नेपाल वित्तिय प्रतिवेदनमान अनुसार यथार्थ चित्रण गर्दछ र सो वित्तिय विवरणहरु कम्पनी ऐन, २०६३ अनुसार तयार गरिएको छ ।

५. **कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धि ऐन, २०६३ को आबश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पुर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब बहिखाता श्रेष्ता र लेखासँग दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

SM Dahal & Associates * Chartered Accountants *

Dahal

मिति : २०७५।०८।२३
स्थान : काठमाडौ, नेपाल

सिए. शेष मणि दाहाल
ब. साझेदार

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## पुतलीसडक, काठमाण्डौं

## नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको आर्थिक अवस्थाको विवरण

२०७५ आषाढ ३२

रकम (रु.) मा

| विवरण | टिप्पणी | ३२ आषाढ, २०७५ | ३१ आषाढ, २०७४ |
|---|---|---|---|
| सम्पत्तिः | | | |
| जायजेथा, प्लाण्ट र उपकरण | ४.१ | १२,०२५,६३८ | १३,२८१,४१४ |
| पुँजीकृत अमूर्त सम्पत्ति | ४.२ | ३२५,३८४ | १,७७२,८३१ |
| पुँजीकरण गरिनु पर्ने सम्पत्ति (Capital WIP) | ४.३ | – | – |
| स्थगन आयकर सम्पत्ति | ४.१५ | ४,७९८,९०४ | ३,०९८,०६८ |
| कर्मचारी सापटि | ४.४ | ५,५४०,०७९ | ६,८३४,१९१ |
| अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी | ४.५ | १८,००० | १८,००० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | | २२,७०८,००५ | २५,००४,५०५ |
| **चालु सम्पत्ति** | | | |
| अग्रिम भुक्तानी | ४.६ | ३९१,६२० | ४२५,६८५ |
| **वित्तिय सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ४.७ | १९,७०१,७०८ | २५,८६९,५४० |
| अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी | ४.५ | ५४,४५३,३६७ | ४५,७९५,७९१ |
| अल्पकालीन लगानी | ४.८ | ३४९,०२५,५०५ | २३८,०००,००० |
| आयकर सम्पत्ति | ४.९ | – | १४,२७७,५७९ |
| **जम्मा चालु सम्पत्ति** | | ४२३,५७२,२०० | ३२४,३६८,५९५ |
| **जम्मा सम्पत्ति** | | ४४६,२८०,२०५ | ३४९,३७३,१०० |
| पुँजी तथा दायित्व : | | | |
| **पुँजी** | | | |
| शेयर पुँजी | ४.१० | ३००,०००,००० | ३००,०००,००० |
| अन्य पुँजी (सञ्चित मुनाफा समेत) | ४.११ | १०२,२४५,७३० | १३,८७३,६४० |
| **कुल पुँजी** | | ४०२,२४५,७३० | ३१३,८७३,६४० |
| दायित्व : | | | |
| **गैह्र चालु दायित्व** | | | |
| अवकास सुविधा दायित्व | ४.१२ | १५,४१९,६६६ | १०,९५७,९९३ |
| **कुल गैह्र चालु दायित्व** | | १५,४१९,६६६ | १०,९५७,९९३ |
| **चालु दायित्व** | | | |
| व्यवस्था | ४.१३ | १०,४६३,८४८ | ११,००९,१०५ |
| **वित्तिय दायित्व** | | | |
| व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम | ४.१४ | १७,४७८,८९८ | १३,५३२,३६२ |
| आयकर दायित्व | ४.९ | ६७२,०६३ | – |
| **कुल चालु दायित्व** | | २८,६१४,८०९ | २४,५४१,४६७ |
| **कुल दायित्व** | | ४४,०३४,४७५ | ३५,४९९,४६० |
| **जम्मा पुँजी तथा दायित्व** | | ४४६,२८०,२०५ | ३४९,३७३,१०० |

संलग्न टिप्पणी १ देखि ४ सम्म वित्तिय अवस्थाका अभिन्न अंग हुन ।     यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा,

सुनिल गुरुङ
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

मुरारी पराजुली
संचालक

मिरा, उमामणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रविन पन्ताक
संचालक

निरञ्जन पुडासैनी
संचालक

चन्द्रसिंह साउद
संचालक

मिती:- २०७५/०८/२३
काठमाण्डौ

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

## पुतलीसडक, काठमाण्डौं

## नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको नाफा नोक्सान तथा अन्य आयको विवरण

**मिति २०७४ साउन १ देखि २०७५ आषाढ ३२ सम्म**

रकम (रू.) मा

| विवरण | टिप्पणी | आ.व २०७४/७५ | आ.व २०७३/७४ |
|---|---|---|---|
| संचालन आम्दानी : | | | |
| कार्य संचालन आम्दानी | ४.१६ | १५२,००५,८८३ | १३४,१६६,४४५ |
| कुल संचालन आम्दानी (क) | | १५२,००५,८८३ | १३४,१६६,४४५ |
| अन्य आम्दानी (ख) | ४.१७ | ३२,५४६,७६० | १८,०११,२८२ |
| प्रशासनीक तथा अन्य खर्च | | | |
| कर्मचारी खर्च | ४.१८ | २१,२३४,१३६ | २०,०४०,१४१ |
| प्रशासकीय तथा साधारण खर्च | ४.१९ | २६,९९२,२२० | २४,२५४,८३४ |
| वैदेशिक मुद्राको कारोवारको नाफा/नोक्सान | ४.२० | - | - |
| ह्रास कट्टिखर्च | ४.१ | ३,७५४,३३४ | ४,२८७,८२७ |
| परिशोधन वा अपलेखन खर्च | ४.२ | १,७६३,८४७ | ३०,१५४,२४३ |
| कुल प्रशासनीक तथा अन्य खर्च (ग) | | ५३,७५४,५३७ | ७८,७३७,०४५ |
| आयकर, बोनस तथा असामान्य कारोवार अगाडीको मुनाफा/(नोक्सान) (क+ख+ग) | | १३०,७९८,१०५ | ७३,४४०,६८३ |
| वित्तिय खर्च | | - | - |
| बोनस व्यवस्था | | १०,४६३,८४८ | ५,७६८,६५० |
| आयकर र असामान्य कारोवार अगाडीको मुनाफा/(नोक्सान) | | १२०,३३४,२५७ | ६७,६७२,०३३ |
| असामान्य कारोवार | | - | - |
| आयकर अगाडीको मुनाफा/(नोक्सान) | | १२०,३३४,२५७ | ६७,६७२,०३३ |
| आयकर खर्च: | | - | - |
| चालु कर खर्च | | (३१,४७१,२७२) | (१०,५५२,४१३) |
| स्थगन कर खर्च/(आम्दानी) | ४.१५ | १,७००,८३६ | (६,८७४,९३३) |
| खुद मुनाफा/(नोक्सान) | | ८७,५३४,५७३ | ५०,२४४,६८७ |
| अन्य व्यापक आय | | | |
| निश्चित सुविधा योजनाको पुनः मापन समायोजन | ४.१२ | (२,१९१,७३०) | (२,४३५,२५६) |
| अन्य व्यापक आय बाट प्रस्तुत वित्तिय सम्पत्तिको उचित मुल्य (Fair Value) मा मुल्याङ्कनको नाफा/नोक्सान | | - | - |
| *कुल अन्य व्यापक आय* | | *(२,१९१,७३०)* | *(२,४३५,२५६)* |
| जम्मा व्यापक आय | | ८८,३७२,०९१ | ४७,८०९,४३१ |
| प्रति शेयर आम्दानी | ४.२१ | | |
| आधारभुत रू. (Basic) | | ३०.१९ | १६.७५ |
| मिश्रित रू. (Diluted) | | ३०.१९ | १६.७५ |
| आधारभुत प्रति शेयर आम्दानी निकाल्न प्रयोग गरीएको भारित औषत साधारण शेयर | | | |
| आधारभुत शेयर (Basic) | | ३,०००,००० | ३,०००,००० |
| मिश्रित शेयर (Diluted) | | ३,०००,००० | ३,०००,००० |

संलग्न टिप्पणी १ देखि ४ सम्म वित्तिय अवस्थाका अभिन्न अंग हुन ।

सुनिल गुरुङ
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

मुरारी पराजुली
संचालक

सिए. शंभुमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

प्रविन पन्दाक
संचालक

निरन्जन फुयाल
संचालक

चन्द्रसिंह साउद
संचालक

२०७५/०८/२३
काठमाण्डौं

CDS and Clearing Ltd.

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## पुतलीसडक, काठमाण्डौं
## नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको नगद प्रवाह विवरण
### मिति २०७४ साउन १ देखि २०७५ आषाढ मसान्त सम्म

रकम (रू.) मा

| विवरण | टिप्पणी | आ.व २०७४/७५ | आ.व २०७३/७४ |
|---|---|---|---|
| संचालन गतिविधिको नगद प्रवाह | | | |
| आयकर, बोनस तथा असामान्य कारोबार अगाडीको मुनाफा/(नोक्सान) | | १३०,७९८,१०५ | ७३,४४०,६८३ |
| जोड/(घटाउ): | | | |
| ह्रास कट्टिखर्च | ४.१ | ३,७६४,३३४ | ४,२८७,८२७ |
| परिशोधन वा अपलेखन खर्च | ४.२ | १,७६३,८४७ | ३०,१५४,२४३ |
| अवकास पछिको कर्मचारी सुविधा खर्च (गैह्र नगद) | ४.१८ | २,३१४,५१२ | २,५७१,६८० |
| कार्यशील पूँजी परिवर्तन अधिको संचालन गतिविधिको नगद प्रवाह | | १३८,६४०,७९८ | ११०,४५४,४३३ |
| चालु सम्पत्ति तथा दायित्वमा परिवर्तन | | | |
| कमी/(वृद्धि) अग्रिम भुक्तानी | ४.६ | ३४,०६५ | (१३३,४५०) |
| कमी/(वृद्धि) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी | ४.५ | (८,६५७,५७९) | १२,८१४,१२५ |
| कमी/(वृद्धि) अल्पकालीन लगानी | ४.८ | (१११,०२५,५०५) | (२३८,०००,०००) |
| कमी/(वृद्धि) आयकर सम्पत्ति/(दायित्व) | ४.९ | १४,२७७,५७९ | ३,९९४,६१८ |
| कमी/(वृद्धि) अन्य दायित्व | ४.१४ | ३,९४६,५३४ | (६,८८०,९१६) |
| कमी/(वृद्धि) व्यवस्था | | (५४५,२५७) | - |
| कर्मचारी कर्जा संग सम्बन्धित आम्दानी खर्च (गैह्र नगद) | ४.४ | १,२९४,११२ | (६,८३४,१९१) |
| कुल चालु सम्पत्ति तथा दायित्वमा परिवर्तन | | (१००,७५२,१६९) | (२३५,०३९,८१४) |
| विनिय खर्च | | - | - |
| आयकर खर्च | | (३०,७९९,२०९) | (१०,५५२,४१३) |
| गत बर्षको नाफा नोक्सानमा समायोजन | | - | २,२०५,७३१ |
| कर्मचारी सुविधा भुक्तानी | ४.११ | (४४,५७०) | (१,५७९,१८७) |
| बोनस व्यस्था | ४.१२ | (१०,४६३,८४८) | - |
| *संचालन गतिविधिको खुद नगद प्रवाह (क)* | | *(३,३४२,८७७)* | *(१३४,५११,२४१)* |
| लगानी गतिविधिको नगद प्रवाह | | | |
| स्थिर सम्पत्ति (खरिद) | ४.१ | (२,५०८,५५६) | (१५,२३६,३४५) |
| अमूर्त सम्पत्ति (खरिद) | ४.२ | (३१६,४००) | (१४८,९८८) |
| पूँजीकरण गरिनु पर्ने सम्पत्ति (खरिद) | ४.३ | - | ९९८,९२० |
| *लगानी गतिविधिको खुद नगद प्रवाह (ख)* | | *(२,८२४,९५६)* | *(१४,३८६,४१३)* |
| वित्तीय गतिविधिको खुद नगद प्रवाह | | | |
| विनिय खर्च | | - | - |
| *वित्तीय गतिविधिको खुद नगद प्रवाह (ग)* | | - | - |
| नगद प्रवाहमा भएको कुल वृद्धि र कमी (क+ख+ग) | | (६,१६७,८३३) | (१४८,८९७,६६४) |
| वर्षारम्भमा नगद तथा नगद सरहको मौज्दात | ४.७ | २५,८६९,५४० | १७४,७६७,२०४ |
| वर्षान्तमा नगद तथा नगद सरहको मौज्दात | ४.७ | १९,७०१,७०८ | २५,८६९,५४० |

संलग्न टिप्पणी १ देखि ४ सम्म वित्तिय अवस्थाका अभिन्न अंग हुन्।

सुनिल गुरुङ्ग
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

मुरारी पराजुली
संचालक

सिए. शेषमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

प्रविन पन्दाक
संचालक

निरन्जन फुयाल
संचालक

[illegible]सिंह साउत
संचालक

२०७५।०८।१३
काठमाडौं

CDS and Clearing Ltd

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
## पुतलीसडक, काठमाण्डौं
## नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण

मिति २०७४ साउन १ देखि २०७५ आषाढ ३२ सम्म

| विवरण | शेयर पुंजि | जगेडा कोष | | | कुल रकम |
|---|---|---|---|---|---|
| | साधारण शेयर | सुरक्षित प्रिमियम कोष | संचित मुनाफा | पुनः मुल्याङ्कन कोष | |
| २०७३ साउन १ पुनः वर्जित शुरु मौज्दात | ३००,०००,००० | - | (३६,१४१,५२२) | - | २६३,८५८,४७८ |
| असार ३१, २०७३ मा शेयरमा भएको परीवर्तन | | | | | - |
| खुद मुनाफा/(नोक्सान) | - | - | ५०,२४४,६८७ | - | ५०,२४४,६८७ |
| अन्य व्यापक आय | - | - | (२,४३५,२५६) | - | (२,४३५,२५६) |
| **कुल रकम** | ३००,०००,००० | | ११,६६७,९०९ | | ३११,६६७,९०९ |
| नेपाल वित्तिय प्रतिवेदनमानको ढाँचामा परीवर्तन हुदाँको समायोजन | | | २,२०५,७३१ | | २,२०५,७३१ |
| जारी साधारण शेयर | | | | | |
| जारी गरीएको जफत शेयर | | | | | |
| बोनस शेयर जारी (लाभांश) | | | | | |
| **असार ३१, २०७४ को मौज्दात** | ३००,०००,००० | - | १३,८७३,६४० | - | ३१३,८७३,६४० |
| **साउन १, २०७४ को मौज्दात** | ३००,०००,००० | - | १३,८७३,६४० | - | ३१३,८७३,६४० |
| खुद मुनाफा/(नोक्सान) | - | - | ९०,५६३,८२१ | - | ९०,५६३,८२१ |
| अन्य व्यापक आय | - | - | (२,१९१,७३०) | - | (२,१९१,७३०) |
| **कुल रकम** | ३००,०००,००० | - | १०२,२४५,७३० | - | ४०२,२४५,७३० |
| नेपाल वित्तिय प्रतिवेदनमानको ढाँचामा परीवर्तन हुदाँको समायोजन | - | - | - | - | - |
| जारी साधारण शेयर | - | - | - | - | - |
| जारी गरीएको जफत शेयर | - | - | - | - | - |
| बोनस शेयर जारी (लाभांश) | - | - | - | - | - |
| **असार ३२, २०७५ को मौज्दात** | ३००,०००,००० | - | १०२,२४५,७३० | - | ४०२,२४५,७३० |

संलग्न टिप्पणी १ देखि ४ सम्म वित्तिय अवस्थाका अभिन्न अंग हुन ।

सुनिल गुरुङ
व.अधिकृत

देव प्रकाश गुप्ता
प्रमुख कार्यकारी अधिकृत

मुरारी पराजुली
संचालक

सिए. शेषमणि दाहाल
एस.एम. दाहाल एण्ड एशोसिएटस्
चार्टर्ड एकाउन्टेन्टस्

प्रविन पन्ताक
संचालक

निरन्जन फुयाल
संचालक

चन्द्रसिंह साउद
संचालक

२०७५/०८/२२

CDS and Clearing Ltd.

## १. सामान्य जानकारी (पृष्ठभुमि) :

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित सिमित दायित्व भएको कम्पनी हो । नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पुर्ण स्वामित्वमा स्थापना भएको यस कम्पनीको मुख्य उद्देश्य धितोपत्रलाई विद्युतीय रुपमा परिवर्तन गरी निक्षेप राख्ने, धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी प्रभावकारी विद्युतीय सेवा संचालन गर्ने, निक्षेप सेवासँग आवद्द सदस्यको संजाल मार्फत कार्य संचालन गर्नु हो । मिति २०६७ पौष ७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको यस कम्पनीले नेपाल धितोपत्र बोर्डबाट २०६८ भाद ७ गते कारोबार गर्न स्विकृती प्राप्त गरेको थियो । साथै कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार भएको मिति देखि लागू हुने गरी २०६९ वैशाख २५ गते ईजाजत पत्र प्राप्त गरेको थियो । कम्पनीले आ.व. २०६९।७० श्रावण १ गते देखि केन्द्रीय निक्षेप सेवा सुरू गरेको र राफसाफ तथा फछ्र्यौट सेवा संचालनमा ल्याउन धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट सम्बन्धी विनियमावली २०६९, नेपाल धितोपत्र बोर्डबाट २०६९ चैत्रमा स्वीकृत भई लागु भएपछि २०७० वैशाख २ गते देखि विद्युतीय माध्यमबाट राफसाफ तथा फछ्र्यौट कार्य समेत शुभारम्भ गरेको छ । कम्पनीको धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन २०६९), धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९, गरी २ वटा विनियमावली कारोबार संचालनका प्रमुख आधार रहेका छन् । आ.व. २०७२।७३ सम्ममा ५६ वटा कम्पनीले निक्षेप सदस्यता लिएका छन् । निक्षेप सदस्यता लिएका कम्पनीहरूमध्ये आ.व. २०६९।७० मा १ कम्पनीको सदस्यता खारेज भएको छ । नेप्सेमा सूचीकृत कम्पनीहरू मध्ये २०० वटा निष्काशनकर्ता कम्पनीहरुले आफ्ना धितोपत्र अभौतिकीकरण गराईसकेका छन् । आ.व. २०७२।७३ माघ १ गते बाट अभौतिकीकरण गराईएका धितोपत्रहरूको विद्युतीय माध्यमको कारोबारको राफसाफ तथा फछ्र्यौट कार्य पूर्ण रुपमा विद्युतीय माध्यमबाट हुँदै आएको छ ।

कम्पनीको मुख्य कार्यालय पुतलीसडक, काठमाण्डौमा रहेको छ । कम्पनीको शेयर सुचीकृत छैन ।

## २. अनुपालनको विवरण तथा लेखा विवरणहरू तयारीका आधारहरू :

### २.१. अनुपालनाको विवरण

प्रस्तुत वित्तिय विवरण नेपाल लेखामान बोर्ड (Accounting Standard Board Nepal-ASBN) ले जारी गरेको नेपाल वित्तिय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) को अनुपालना गरी तयार गरिएको छ ।

कम्पनीका वित्तिय विवरणहरू नेपाल लेखामान बोर्डले जारी गरेको नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) को आधारमा तयार गरिएका छन् । यसले International Accounting Standard Board(IASB) ले जारी गरेको International Financial Reporting Standards (IFRS) लाई सम्बोधन गरेको छ । कम्पनीका वित्तिय विवरणहरू अविच्छिन्न सञ्चालन मान्यता (Going Concern) को आधारमा तयार गरिएका छन् । लेखामान र सो सँग सम्बन्धित व्याख्याहरूलाई NFRS शब्दाबलीको रूपमा प्रयोग गरी सम्बन्धित टिप्पणीहरूमा समावेश गरिएको छ । प्रस्तुत वित्तिय विवरणहरू संस्थाले नेपाल वित्तिय प्रतिवेदनमानको पालना गरे पश्चातको पहिलो वित्तिय विवरण हो । साविकको नेपाल लेखामानबाट नेपाल वित्तिय प्रतिवेदनमानमा स्थानान्तरणहुदा नेपाल वित्तिय प्रतिवेदनमान १ "First Time Adoptation of NFRS" को व्यवस्था अनुरूप स्थानान्तरण गरीएको छ ।

### २.२. लेखा विवरण तयारीको घोषणा (Accounting Pronouncement):

कम्पनीले आफ्नो वित्तिय विवरणहरू नेपाल लेखामान बोर्डले 13 सेप्टेम्बर, २०१३ मा घोषण गरेको Accounting Pronouncents हरूसँग मिल्ने गरी तयार गरी आफ्नो लेखा नीतिहरूको आधारमा प्रस्तुत गरेको छ ।

### २.३. लेखा विवरण तयारीको तरीका (Accounting Convention):

कम्पनीका वितीय विवरणहरू ऐतिहासिक लागत (Historical Cost) अवधारणाको आधारमा तयार गरिएका छन् । तथापी नेपाल वित्तिय प्रतिवेदनमान अनुसार आवश्यक वा स्वीकृति दिएको हद सम्म वित्तिय विवरणका केहि अंश उचित मुल्य (Fair Value) अवधारणा र परिशोधन मुल्य अवधारणा

CDS and Clearing Ltd

(Amortized Cost) अनुरूप तयार गरी लेखाङ्कन गरिएको छ । उचित मुल्य (Fair Value) अवधारणा अनुरूप तयार गरी लेखाङ्कन गरिएको खण्डमा सो को व्याख्या सोहि खण्डमा गरीएको छ ।
ऐतिहासिक लागत भन्नाले सामान किनबेच वा सेवा प्रदानमा भएको उचित मुल्य दर्शाउछ ।
मुल्याङ्कन मितिमा बजार सहभागी बीच भएको विशुद्द कारोबारमा कुनै सम्पत्ति बिक्रीमा प्राप्त हुने वा दायित्व हस्तान्तरण गर्दा लाग्ने रकम नै उचित मुल्य (Fair Value) हो । उचित मुल्य (Fair Value) निर्धारण गर्दा यस कम्पनीले बजार सहभागी बीचको विशुद्द कारोबारमा सम्पत्ति वा दायित्वको विशेषताको उचित अनुमान गर्दछ ।
यसका साथै वित्तिय विवरण प्रस्तुत गर्नको लागि उचित मुल्य (Fair Value) मुल्याङ्कन निम्न बमोजिम वर्गिकरण गरिएको छ :

- Level 1 Inputs: मुल्याङ्कन मितिमा सक्रिय बजारमा समान सम्पत्ति वा दायित्व (identical assets or liabilities) को अंकित मुल्य (समायोजन नगरिएको )
- Level 2 Inputs: सम्पत्ति वा दायित्वको Level 1 मा रहेको अंकित मुल्यबाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा देखिने Inputs.
- Level 3 Inputs: सम्पत्ति वा दायित्वको नदेखिने inputs.

परिशोधन मुल्य भन्नाले वित्तिय सम्पति वा दायित्वको त्यो मुल्य हो जसमा प्रारम्भीक लेखांकन मुल्यमा चुक्ता सावाँ रकम घटाई प्रारम्भिक (initial) र अन्तिम (maturity) मुल्यको फरक रकममा प्रभावकारी व्याज दर प्रयोग गरी आएको सञ्चित परिशोधनलाई थपघट गरि अन्य खर्च (allowance for impairments or un-collectablity) घटाईन्छ ।

प्रभावकारी व्याज दर विधि भन्नाले वित्तिय सम्पत्ति वा दायित्वको परिशोधन मुल्य गणना गर्ने विधि हो जसानुसार व्याज आम्दानी र खर्च उपयुक्त वर्षहरुमा बराबर दरमा विभाजन गरिन्छ । यसरी प्रभावकारी व्याज दर गर्दा गणना premium/discount/other integral cost लाई समावेश गरिएको हुन्छ ।

केही विशेष कारोबार बाहेक कम्पनीका वित्तीय विवरवणहरू प्रोद्‌भावी आधारमा तयार गरिएका छन् ।

### २.४. लेखा अनुमानहरू (Accounting Estimates) :

नेपाल वित्तिय प्रतिवेदनमान अनुसार कम्पनीले वित्तिय विवरणहरु तयार गर्दा वित्तिय विवरणहरु तयार गरिएको मिति सम्म कायम सम्पत्ति र दायित्वहरू, सोही मितिसम्म खुलासा गरिएको सम्भावित सम्पत्ति तथा दायित्वहरू तथा सोही अवधिसम्मको मात्र आम्दानी तथा खर्चहरुसँग सम्बन्धित रकमलाई आधार मानी लेखा अनुमानहरू तयार गर्नुपर्ने हुन्छ ।
Accounting Assumptions तथा अनुमानहरुलाई ongoing basis आधारमा समिक्षा गर्ने गरिएको छ । लेखा अनुमानहरूको पुर्नविचार गर्दा सोही अवधिको लागि मात्र प्रभाव गर्ने भए सोही अवधिको लागि र भविष्यमा पनि प्रभाव रहने भएमा हाल तथा भविष्यको लागि पनि स्विकार्य हुने गरी उल्लेख गरिएको छ । लेखा अनुमानहरूको प्रकृति र प्रभावमा परिवर्तन गरी लागु गरिएको अवस्थामा लेखा टिप्पणीको साथमा त्यस्ता विषेश लेखा अनुमानहरू उल्लेख गरिएको छ ।

### २.५. लेखा अवधि :

कम्पनीले आफ्नो वित्तिय विवरण नेपाली आर्थिक वर्ष अनुसार तयार गर्ने गरेका छ । नेपाली आर्थिक वर्ष अनुसार हुने अंग्रेजी क्यालेण्डरको मिति निम्नानुसार छ ।

| विवरण | नेपाली क्यालेण्डर अनुसारको मिति/अवधि | अंग्रेजी क्यालेण्डर अनुसारको मिति/अवधि |
|---|---|---|
| नेपाल वित्तिय प्रतिवेदनमान अनुसारको वित्तिय अवस्थाको तुलनात्मक विवरण मिति | ३१ आषाढ २०७४ | १५ जुलाई २०१७ |
| नेपाल वित्तिय प्रतिवेदनमान अनुसारको वित्तिय अवस्थाको विवरणको मिति | ३२ आषाढ २०७५ | १७ जुलाई २०१८ |

CDS and Clearing Ltd

२.६. प्रस्तुतीकरण :

**आर्थिक अवस्थाको विवरण :**
कम्पनीको इक्विटीमा भएको परिवर्तनको विवरण बाहेकको वित्तिय विवरणको प्रस्तुत गर्दा तरलताको आधारमा चालु र अचल सम्पत्ति तथा चालु र अचल दायित्व गरी छुट्टयाई देखाइएको छ । यस्ता सम्पत्ति तथा दायित्वहरूलाई अन्तिम अवधि (Maturity Period) को आधारमा आवश्यकता अनुसार पुन : विभाजन गरी टिप्पणीमा उल्लेख गरिएको छ ।

**नाफा नोक्सान विवरण :**
नाफा नोक्सान विवरण classification by Nature सिद्धान्तको आधारमा तयार गरिएको छ । NAS 33 बमोजिम प्रति शेयर आम्दानी रकम नाफा नोक्सान विवरणको अगाडी राखिएको छ ।

**नगद प्रवाह विवरण :**
नगद प्रवाह विवरण अप्रत्यक्ष विधि (Indirect Method) को प्रयोग गरि तयार गरिएको छ । नगद प्रवाह गतिविधिहरू NAS 07 बमोजिम मुख्यतय निम्न तिन भागमा वर्गिकरण गरीएको छ ।
क. संचालन गतिविधिको नगद प्रवाह
ख. लगानी गतिविधिको नगद प्रवाह
ग. वित्तिय गतिविधिको नगद प्रवाह

**इक्विटीमा भएको परिवर्तनको विवरण :**
इक्विटीको प्रत्येक भागको खुलासा गरी इक्विटीमा भएको परिवर्तनको विवरण तयार गरिएको छ । साविकको नेपाल लेखामानबाट नेपाल वित्तिय प्रतिवेदनमानमा स्थानान्तरणहुदा इक्विटीमा भएको असरलाई स्थानान्तरण जगेडा (NFRS Transition Reserve) भनी प्रथम पटकको वित्तिय अवस्थाको विवरणमा समायोजन र खुलासा गरीएको छ ।

२.७. **प्रस्तुतीकरण मुद्रा (Presentation Currency) :**
कम्पनीका वित्तिय विवरणहरू चलनचल्तिको कारोवार मुद्रा (नेपाली रुपैया) मा प्रस्तुत गरिएको छ । दशमलव पछिका अंकहरूलाई नजिकको रुपैयामा समायोजन गरी वित्तिय विवरणहरू नेपाली रुपैयामा ( Nepales Rupees, NPR) मा प्रस्तुत गरिएको छ ।

२.८. पुनः वर्गीकरण
अघिल्लो वर्षको आकंडाहरू तुलना गर्ने प्रायोजनको लागि आवश्यकता अनुसार खुलासा (Disclosure) सहित पुन : वर्गीकरण गरिएको छ ।

२.९. **छुट दर (Discounting Rate ) :**
कम्पनीले विविध पक्षहरूमाथि विचार गरी नगद प्रवाहमा प्रयोग हुने Discounting Rate निर्धारण गरेको छ ।
सामान्यतया यस्तो छुटको दर निकाल्नको लागि Capital Assets Pricing Model–CAPM प्रयोग गरिन्छ । सम्पत्तिको क्षयिकरण ( Impairment of Assets) को निर्धारणगर्दा समेत छुटको दर लाई प्रयोग गरिएको छ ।

कम्पनीको कुनै पनि दीर्घकालिन ऋण नभएमा पुँजिको भारित औसत (weighted average) लागत हुन्छ । आसीत प्रतिफलको दर (Expected Rate of Return) निर्धारणमा CAPM को प्रयोगका Beta आवश्यक हुन्छ । यो कम्पनी सुचीकृत नभएको कारण Beta को प्रयोग हुन सक्दैन । यस कारण Discounting Rate प्रयोजनको लागि CAPM को प्रयोग गरिएको छैन ।

CDS and Clearing Ltd

वित्तिय विवरणहरूमा Discounting Rate निर्धारण गर्दा वित्तिय उपकरणको अवधि र मुख्य कम्पनीले प्रयोग गर्ने Discounting Rate संग मिल्ने ब्याज दरको प्रयोग गरिएको छ । यसरी निर्धारण हुन आएको Discounting Rate ५.१९ प्रतिशतले कर्मचारी कर्जासँग सम्बन्धित नगद प्रवाहलाई Discounting गरी कर्मचारी कर्जासँग सम्बन्धित उचित मुल्य (Fair Value ) निर्धारण गरिएको छ ।

### २.१०. नेपाल वित्तिय प्रतिवेदनमान परीपालनमा सिमाहरू

सुचनाहरू उपलब्ध नभएका अवस्थामा सुचनाहरू प्राप्त गर्न लाग्ने लागत प्राप्त हुने लाभभन्दा बढी हुने अवस्थामा नेपाल वित्तिय प्रतिवेदनमान परीपालनमा समस्याहरू सँगका त्यस्ता अपवादहरूलाई सम्बन्धित खण्डहरूमा समावेश गरिएका छन् ।

CDS and Clearing Ltd

### ३. प्रमुख लेखा नीति

#### ३.१. जायजेथा, प्लाण्ट र उपकरण:

जायजेथा, प्लाण्ट र उपकरणहरूलाई तिनिहरुको सम्पूर्ण खर्चबाट सञ्चित ह्रास तथा सञ्चित क्षयीकरण घाटा (Impairment Loss) घटाई आएको लागत मुल्यमा कम्पनीको वित्तिय स्थितिको विवरणमा देखिइएको छ । कम्पनीले आफ्नो नियन्त्रणमा भएको र भविश्यमा कम्पनीलाई आर्थिक लाभ प्रदान गर्ने प्रवल सम्भावना भएका तथा लागत मुल्यलाई सजिलै मापन गर्न सकिने सम्पत्तिहरुको पहिचान गरि लेखांकन गर्दछ ।

जायजेथा, प्लाण्ट र उपकरणहरु को ह्रासकट्टी अवधि सम्पत्तिको प्रयोगयोग्य अवधिको आधारमा गरिन्छ । ह्रासकट्टी गर्दा सम्पत्ति प्राप्त गरिएको वर्षदेखि समदरमा गर्ने गरिन्छ । बाँकी मुल्य, प्रयोगयोग्य अवधि र ह्रासकट्टी दर कम्तिमा प्रत्येक वर्षान्तमा पुनरावलोकन गरिएको छ । कुनै अनुमानहरुको फरकहरुलाई NAS ८ अनुसार लेखांकन गरिएको छ ।

खरिद मुल्य बाहेक सम्पत्तिहरूलाई तिनिहरुको स्थानसम्म पुर्याउन र सञ्चालन क्षमतायोग्य बनाउन लागेको खर्चहरूलाई सम्पत्तिको मुल्यमा नै समावेश गरिएको छ । फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरू जडित प्लाण्ट र उपकरणहरुको हकमा त्यस्ता पार्टपुर्जाएहरुको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रासकट्टी गरिएको छ । NAS-१६ ले सम्बोधन नगर्ने खर्चहरूलाई सम्बन्धित अवधिमै खर्च लेखिएको छ ।

विस्थापित भएका, मर्मत गरी सञ्चालन गर्न नसकिने गरि बिग्रिएका तथा मूल्य नगन्य भई अप्रचलित अवस्थाका सम्पत्तिहरूलाई पहिचान भएको अवधिबाटै कम्पनिको सम्पत्ति शिर्षकबाट हटाइएको छ । जायजेथा, प्लाण्ट र उपकरणहरुको कुनै एकाइको निसर्ग मुल्य र तिनिहरूको खुद कितावी मुल्य बीचको फरक मूल्यलाई त्यस्ता सम्पत्तिहरू विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानि कम्पनिको नाफा नोक्सान विवरणमा देखाईएको छ ।

**ह्रास कट्टी**

जग्गा जमिन बाहेक अन्य सम्पतिहरूलाई तिनिहरुको प्रयोगयोग्य अवधि अनुसार समदर विधिको आधारमा ह्रास कट्टी गरिएको छ । बाँकी मूल्य, सम्पत्तिहरुको प्रयोगयोग्य अवधि र ह्रासकट्टी विधिहरूलाई हरेक आर्थिक वर्षको अन्त्यमा पुनरावलोकन गरिएको छ । प्रयोगयोग्य अवधिमा कुनै परिवर्तन भएको पाईएमा परिवर्तित प्रयोगयोग्य अवधिलाई NAS ८ अनुसार परिमार्जित गरि लेखांकन गरिएको छ । सम्पत्तिको प्रयोगयोग्य अवधि खण्ड ४.१ मा वर्गिकरण गरि देखाइएको छ ।
फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जाहरू जडित प्लाण्ट र उपकरणहरुको हकमा त्यस्ता पार्टपुर्जाहरुको आ-आफ्नो अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ ।

**De-recognition**

जायजेथा, प्लाण्ट र उपकरणहरूको कुनै एकाइको खुद निसर्ग मूल्य र तिनिहरुको खुद किताबी मुल्य बीचको फरक मुल्यलाई त्यस्ता सम्पत्तिहरु विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ ।

#### ३.१.१ प्रयोगयोग्य अवधि

सम्पत्तिको प्रयोगयोग्य अवधिलाई वर्गिकरण गरि समदर ह्रासकट्टी विधि अनुसार गरिने ह्रासकट्टी दर निम्नानुसारको प्रयोगयोग्य अवधिको आधारमा निकालीएको छ :

| जायजेथा, प्लाण्ट र उपकरण | प्रयोगयोग्य अवधि (वर्षमा) |
|---|---|
| अफिस फर्निचर | ८ |

| | |
|---|---|
| अफिस सरसामान | ५ |
| कम्प्युटर तथा प्रिन्टर | ५ |
| कम्प्युटर हार्डवेयर (डि.आर साईट) | ५ |
| सवारी साधन | ६ |
| कार्यालय भौतिक संरचना निमार्ण | ५ |

**३.१.२ जायजेथा, प्लाण्ट र उपकरणको क्षयिकरण** (Impairment of Property, Plant and Equipment)

**३.१.२.१ क्षयिकरणको प्रयोगः**

जायजेथा, प्लाण्ट र उपकरण को कुनै एकाइमा भएको क्षयिकरण त्यसको खुद कितावी मुल्य र पुनः प्राप्त गर्न सकिने मुल्य (Recoverable Amount) बीचको फरकको रुपमा पहिचान गरिएको छ । कुनै सम्पत्तिको खास एकाइले स्वतन्त्र रुपमा नगद प्रवाह गर्दैन भने पुनः प्राप्त गर्न सकिने मुल्यलाई त्यस्तै समूहमा रहेका नगद उत्पादन गर्ने एकाइ (Cash Genrating Units) हरुको आधारमा निर्धारण गरिएको छ । कम्पनीको प्रत्येक प्रक्षेपण मितिमा कुनै सम्पतिमा क्षयिकरण गर्नुपर्ने देखिएको अवस्थामा सोको निर्धारण गरी पुनः प्राप्त गर्न सकिने मुल्य समेत निश्चित गरिएको छ । नगद उत्पादन गर्ने एकाइहरूको पुनः प्राप्त गर्न सकिने मुल्य, उचित मुल्यमा निसर्ग गर्न लाग्ने लागत घटाइ आउने मूल्य र प्रयोगमा आएको मुल्य (Value in use) मध्ये जुन बढि हुन्छ, सोहीलाई कायम गरिएको छ । बजार मूल्यको आधारमा निर्धारण गर्न नसकिने अवस्थामा यस्तो छुट सहितको नगद प्रवाह (Discounted Cash Flow) को आधारमा गरिन्छ । नगद प्रवाह गणना, विगतको प्रवृति तथा बाह्य सूचनाको आधारमा गरिएको छ । सम्पत्ति वा नगद उत्पादन गर्ने एकाइहरुमा हुने विशेष जोखिम देखाउनको लागि उपयुक्त छुटको दरको प्रयोग गरिएको छ ।

**३.१.२.२ क्षयिकरणको संकेतः**

सम्पतिमा क्षयिकरण गर्नुपर्ने पहिचान भएका प्रत्येक नगद उत्पादन गर्ने एकाइको क्षतिको गणना गर्दा नगद प्रवाह गराउने नगद उत्पादन गर्ने एकाइको खुद कितावी मुल्य र पुनः प्राप्त गर्न सकिने मुल्य बीच तुलना गर्ने गरेको छ ।

**३.१.२.३ क्षयिकरण भएको मुल्यः**

यस आ.व. मा कुनै पनि सम्पत्ति वा नगद उत्पादन गर्ने एकाइहरूको क्षयिकरण पहिचान नभएकाले क्षयिकरण भएको मुल्यको गणना गरिएको छैन ।

**३.२. अमूर्त सम्पत्ति :**

निश्चित प्रयोग अवधि (Useful Lives) भएका अमूर्त सम्पत्तिहरुलाई प्राप्त हुँदाको लागत मुल्य (Acquisition Cost) बाट सञ्चित प्रतिशोधन मुल्य तथा सञ्चित क्षयिकरण घाटा घटाएर निर्धारण गरिएको छ ।

सम्पत्तिको प्रयोगयोग्य जीवन अवधि र प्रतिशोधन विधि कम्पनीले हरेक वर्ष पुनरावलोकन गर्ने गरेको छ । सम्पत्तिको अनुमानीत प्रयोग अवधि तथा सम्पत्तिबाट भविष्यमा हुने आर्थिक लाभको उपभोग लाई NAS ०८ ले ओल्याएको विधिसँग उपयुक्त हुने गरी प्रतिशोधन अवधि र विधिमा परिवर्तन गरि लेखांकन गरिनुको साथै सोही अनुसार नै लेखा अनुमानहरुमा पनि परिवर्तन गरिएको छ । यस सम्वन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.२ मा उल्लेख गरिएको छ ।

कम्पनिको वित्तिय विवरणमा उल्लेख भएको अदृष्य सम्पत्ति कम्प्युटर सफ्टवेयर रहेको र यसको प्रयोगयोग्य जीवन अवधि ५ वर्ष निर्धारण गरिएको छ। अदृष्य सम्पत्तिलाई समदर विधिमा प्रतिशोधन गरिएको छ। प्रतिशोधनको दर निम्नानुसारको प्रयोगयोग्य अवधिको आधारमा निकालीएको छ :

| अमुर्त सम्पत्ति | प्रयोगयोग्य अवधि (वर्षमा) |
|---|---|
| कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर (कास) | ५ |
| सफ्टवेयर (केन्द्रिय निक्षेप तथा राफसाफ) | ५ |
| सफ्टवेयर (लेखा सम्बन्धी) | ५ |
| BOID सफ्टवेयर निर्माण | ५ |
| सवारी साधन | ५ |
| कार्यालय भौतिक संरचना निमार्ण | ५ |

**३.३. पूँजीकरण गरीनुपर्ने सम्पत्ति :**

निर्माणधिन सम्पत्तिलाई प्रयोगमा आउनु भन्दा अगाडिको अवधि सम्म पूँजीकरण गरीनुपर्ने सम्पत्तिमा वर्गिकरण गरीएको छ । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.३ मा उल्लेख गरिएको छ ।

**३.४.वित्तिय उपकरणः**

वित्तिय उपकरणहरू NFRS 9, NAS 32 र NAS 39 को अवधारणमा आधारित रहि वित्तिय सम्पत्ति र वित्तिय दायित्वमा वर्गीकरण गरिएको छ ।

**३.४.१ वित्तिय सम्पत्तिहरूः**

वित्तिय सम्पत्तिहरू यस्ता सम्पत्तिहरू हुन जो:

(क) नगद

(ख) अन्य निकायको वित्तिय उपकरणहरू

(ग) निम्न बमोजिमको करारयोग्य अधिकारः

- नगद वा अन्य निकायको अन्य वित्तिय सम्पत्ति प्राप्त गर्ने
- निकायलाई सम्भावित लाभदायी स्थितीमा अन्य निकाय संग वित्तिय सम्पत्ति वा वित्तिय दायित्व साटने

(घ) निकायको आफ्नो वित्तिय उपकरणहरूमा मिलान गरीने वा मिलान गर्न सकिने करार:

- Non Derivative जसका लागी अस्थिर संख्याको आफ्नै वित्तिय उपकरणहरू पाउन निकाय स्वयमलाई बाध्य गर्न सकिन्छ वा गरीन्छ ।
- Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तिय सम्पत्तिमा साटने बाहेक अन्य तरीकाले मिलान मिलान हुनसक्छ वा गरीन्छ ।

वित्तिय सम्पत्तिहरू NFRS 9 र NAS 39 को अवधारणमा आधारित रहि निम्न समुहमा वर्गीकरण गरिएको छ ।

१. नाफा नोक्सान हिसाव बाट उचित मुल्य (Designated At Fair Value Through Profit or Loss)
२. भुक्तानी अवधि सम्म राखिएको (Held to Maturity)
३. सापटि तथा भुक्तानी पाउनुपर्ने (Loans & Receivables) र
४. बिक्रिका लागी उपलब्ध (Available for Sale)

निकायको वित्तिय सम्पत्तिमा निम्न अनुसारको सम्पत्तिहरू पर्दछनः

CDS and Clearing Ltd

क) कर्मचारी सापटि
ख) नगद तथा बैंक मौज्दात
ग) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी
घ) अल्पकालीन लगानी
ङ) आयकर सम्पत्ति

**क) कर्मचारी सापटी**

कर्मचारीलाई कर्मचारी विनियमावली तथा कम्पनि सञ्चालक समितिको निर्णय अनुसार प्रदान गरिएको कर्जालाई प्रतिशोधन मूल्यमा लेखांकन गरिएको छ । कर्मचारी कर्जाबाट हुने नगद प्रवाहलाई Risk Free Rate (सो उपकरणको अवधिको प्रचलित दर) प्रयोग गरी Discount गरी शुरुको प्रतिशोधन मूल्य (Fair Value) गणना गरिएको छ । कर्मचारी कर्जाको उचित मुल्य र अंकित मूल्य बीचको फरकलाई Deferred Cost (स्थगन खर्चः कर्मचारी कर्जासँग सम्बन्धित) को रुपमा लेखांकन गरिएको छ । हरेक वर्ष कर्जाको उचित मुल्य मा Risk Free Rate लगाई ब्याज आम्दानी लेखांकन गरिएको छ । हरेक वर्ष प्राप्त हुने नगद ब्याज आम्दानी तथा उचित मुल्य ब्याज आम्दानीबीचको फरकलाई Deferred Cost खाता क्रेडिट गरी कर्मचारी खर्चको रुपमा लेखांकन गरिएको छ । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.४ मा उल्लेख गरिएको छ ।

**जोखिम तथा क्षयिकरणः**

यस्तो लगानी कर्मचारीलाई गरिएको लगानी भएकाले कर्जा जोखिम रहँदैन । तसर्थ यस्तो कर्जामा क्षयिकरण हुँदैन भन्नेमा व्यवस्थापन विश्वस्त छ ।

**ख) नगद तथा बैंक मौज्दात**

नगद तथा बैंक मौज्दातहरुको वास्तविक रुपमा तीन महिनाभन्दा कम भुक्तानीहुने अवधि हुने र कम्पनिको यस्ता नगद र बैंक मौज्दातहरु उचित मुल्य निकट रहेको र अधिकांश कम्पनिका यस्ता नगद वा सो सरहका सम्पत्तिहरुमा जोखिमरहित Call Deposits र तुरुन्त नगदमा परिवर्तन गर्न सकिने अधिकतम तरल लगानीहरु रहेका छन् । नगद तथा चेकहरु पनि यस अर्न्तगत पर्दछन् । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.७ मा उल्लेख गरिएको छ ।

**जोखिम तथा क्षयिकरणः**

बैंक तथा नगद मौज्दातमा मुख्य रुपमा Time Value of Money र Inflationary Devaluation जस्ता जोखिम रहन्छन् जुन जोखिमलाई बैंकबाट प्राप्त ब्याजले सन्तुलन गर्न सकेको देखिदैन ।

**ग) अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी :**

अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.५ र ४.६ मा उल्लेख गरिएको छ ।

**जोखिम तथा क्षयिकरणः**

कम्पनीले अग्रीम भुक्तानी रकम, पेश्की र धरौटीहरुको जोखिम नजिक बाट निहाल्ने गर्ने गरेको छ । विगत अनुभवलाई दृष्टिगत गर्दा यस्ता प्राप्तिहरुमा हाल सम्म कुनै जोखिम व्यहोनुपर्ने देखिदैन ।

**घ) अल्पकालीन लगानी (बैंक (मुद्दती) निक्षेप लगानी):**

कम्पनिको नाममा नेपालका बैंकहरुमा मुद्दती निक्षेपहरु रहेका छन् । यस्ता निक्षेपहरुको भुक्तानीहुने अवधि एक वर्षभन्दा कम रहेको छ र तोकिएको दरमा ब्याज प्राप्त हुने गर्दछ । ब्याजको दर सम्झौताका शर्त अनुसार फरक फरक रहेका छ । बैंक निक्षेप लगानीहरुलाई NFRS 9 अनुसार त्यसको Maturity Period/Effective Interest Rate को प्रयोग गरी At Amortized Cost मा

CDS and Clearing Ltd

वर्गिकृत गरिएको छ । यस्ता निक्षेपहरू सावाँ तथा भुक्तानी प्राप्त गरी फरकफरक गरिने हुदा यसमा अन्य लागत, प्रिमियम वा छुट समावेश नभएका कारण Intrinsic Coupon Rate लाई नै ब्याजदर को रूपमा लिइएको लिइएको छ । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.८ मा उल्लेख गरिएको छ ।

**क्षयिकरण तथा जोखिमः**
बैंक जम्मा रकममा क्षयिकरणको सम्भावना रहेको देखिदैन । सबै रकमहरू नेपालको बैंकहरूमा जम्मा गरिएको र ती बैंकहरूलाई नेपाल राष्ट्र बैंकले नजिकबाट नियमन गर्ने हुँदा जोखिमको सम्भावना देखिदैन ।

**ङ) आयकर सम्पत्ति**
आयकर सम्पत्तिलाई ऐतिहासिक लागत मूल्यांकन अनुसार लेखांकन गरिएको छ । यसको लागत मूल्य नै उचित मूल्य हुन्छ । यस सम्बन्धि विवरण यसै वित्तिय विवरणको टिप्पणी ४.९ मा उल्लेख गरिएको छ ।

**क्षयिकरण तथा जोखिमः**
आयकर सम्पत्तिको क्षयिकरण र जोखिमको सम्भावना देखिदैन ।

**३.४.२ वित्तिय दायित्वहरूः**
वित्तिय दायित्वहरू यस्ता दायित्वहरू हुन जो :
(क) निम्न बमोजिमको करारयोग्य अधिकार दायित्व हो :
- नगद वा अन्य निकायको अन्य वित्तिय सम्पत्ति भुक्तानी गर्ने
- निकायलाई सम्भावित घाटाहुने वा लाभदायी नहुने स्थितीमा अन्य निकाय संग वित्तिय सम्पत्ति वा वित्तिय दायित्व साटने

(ख) निकायको आफ्नो वित्तिय उपकरणहरूमा मिलान गरीने वा मिलान गर्न सकिने करार:
- Non Derivative जसका लागी निकाय अस्थिर संख्याको आफ्नै वित्तिय उपकरणहरू भुक्तानी गर्न निकाय स्वयम बाध्य हुन्छ वा हुनसक्छ ।
- Derivative जसलाई निश्चित रकमको नगद वा निश्चित रकमको निकायको आफ्नै अर्को वित्तिय सम्पत्तिमा साटने बाहेक अन्य तरीकाले मिलान हुनसक्छ वा गरीन्छ ।

वित्तिय दायित्वहरू NFRS 9 र NAS 39 को अवधारणमा आधारित रहि निम्न समुहमा वर्गीकरण गरिएको छ ।

१. नाफा नोक्सान हिसाब बाट उचित मुल्य (Designated at Fair Value Through Profit or Loss)
२. परिशोधन मूल्यमा भुक्तानी अवधि सम्म राखिएको (Held to Maturity at Amortized Cost)

निकायको वित्तिय दायित्वमा निम्न अनुसारको दायित्वहरू पर्दछन:
क) व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम
ख) अवकास सुविधा दायित्व
ग) आयकर दायित्व

**क) व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम**
व्यापारीक तथा अन्य भुक्तानीबाट हुने नगद प्रवाहलाई Risk Free Rate (सो उपकरणको अवधिको प्रचलित दर) प्रयोग गरी discount गरी शुरूको प्रतिशोधन मूल्य (Fair Value) गणना गरिएको छ ।

CDS and Clearing Ltd

### ख) अवकास सुविधा दायित्व

कर्मचारी अवकास सुविधाअन्तर्गतका सुविधाहरू कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको आधारमा NAS 19 अनुसार Actuarial Valuation Assumptions को आधारमा गणना गरिएको छ ।

### ग) आयकर दायित्व

संस्थाको नाफा नोक्सान खातामा देखिने आयकर खर्च संस्थाले तत्काल बहन गर्नुपर्ने आयकर दायित्व र स्थगन गरिएको आयकरबापत आम्दानी/खर्चको योग हो ।

#### तत्काल बहन गर्नुपर्ने आयकर दायित्व

तत्काल बहन गर्नुपर्ने आयकर दायित्व सम्बन्धित आ.व को करयोग्य मुनाफाले निर्धारण गर्दछ । प्रचलित आयकर कानुन तथा लेखाअभ्यासमा रहेको भिन्नताको कारणले कम्पनिको मुनाफा निर्धारण गर्दा संलग्न खर्च तथा आम्दानीमध्ये कतिपय खर्च तथा आम्दानीहरू कर प्रयोजनको लागि कुनै अर्को आर्थिक वर्षमा संलग्न गरिने तथा कतिपय खर्च तथा आम्दानीहरू कर प्रायोजनका लागि संलग्न नै नगरिने कारणले कम्पनीको नाफा नोक्सान हिसाबले देखाएको खुद मुनाफा र करयोग्य मुनाफा फरक पर्न सक्दछ ।

कम्पनीले तत्काल बहन गर्नुपर्ने आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम गणना गरिएको करयोग्य आयमा वैधानिक आयकर दर लगाई गणना गर्ने नीति लिइएको छ ।

#### स्थगन कर

सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका करआधार तथा वित्तिय विवरणमा प्रस्तुत लेखाआधारबीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गरिन्छ ।

सामान्यतया स्थगन कर सबै करयोग्य अस्थायी भिन्नता (Taxable Temporary Differences) मा गणना गरिन्छ । कट्टियोग्य अस्थायी भिन्नता (Deductible Temporary Differences) को set off को लागि करयोग्य आय उपलब्ध हुनसक्ने सम्भावना रहेमा कट्टियोग्य अस्थायी भिन्नतामा समेत स्थगन कर गणना गरिन्छ । सम्पत्ति तथा दायित्वको प्ररम्भीक लेखाङ्कनले करयोग्य मुनाफामा कुनै प्रभाव नपार्ने भएमा स्थगन कर गणना गरिदैन तर व्यवसाय गाभिएको कारण त्यस्ता सम्पत्ति तथा दायित्वको प्रारम्भिक लेखाङ्कन भएमा स्थगन कर गणना गरिन्छ । त्यस्तै, ख्यातिको प्रारम्भिक लेखाङ्कनमा समेत स्थगन कर गणना गरिदैन ।

स्थगन कर गणना गर्दा त्यस्ता आस्थायी फरकहरू खपत हुने वा मुक्त हुने आ.वा.मा प्रभाव हुने करको दर प्रयोग गरिन्छ । करको दरमा भएको परिवर्तनले परिवर्तन गर्ने स्थगन कर सम्पत्ति वा दायित्व करको दर परिवर्तन भएको वर्षमा समायोजन गरिन्छ ।

यस कम्पनीमा मुख्यत कर्मचारी अवकाश दायित्वको व्यवस्था तथा स्थिर सम्पत्तिको अस्थायी भिन्नताको कारण स्थगन कर सिर्जना हुन आउँछ ।

### घ) अन्य वित्तीय दायित्व

अन्य वित्तीय दायित्वहरू उचित मुल्य (Fair Value) को अवधारणामा आधारित रही ऐतिहासिक लागतमा लेखांकन गरिएको छ ।

CDS and Clearing Ltd

### ३.५ आम्दानीको लेखांकन

#### ३.५.१ कार्य संचालन आम्दानी

धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संसोधन, २०७९) तथा राफसाफ तथा फछ्र्यौट सम्बन्धी विनियमावली २०७९ मा निर्धारण गरिएका शुल्क तथा दस्तुरहरू (निक्षेप सदस्य दर्ता तथा वार्षिक शुल्क, निष्काशनकर्ता दर्ता शुल्क, सफ्टवेयर जडान तथा मर्मत शुल्क, हितग्राही खाता खोल्ने शुल्क, राफसाफ सदस्यता शुल्क) साथै राफसाफ तथा फछ्र्यौट कमिशन बापत प्राप्त आयलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ ।

#### ३.५.२ अन्य आम्दानी

अन्य विविध आयलाई रकम प्राप्त गर्ने आधार एकिन हुन नसक्ने अवस्थामा नगद प्राप्ति भएको आधारमा साथै बैंक निक्षेप बापत प्राप्त ब्याज आयलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ ।

### ३.६ खर्चको लेखांकन

#### ३.६.१ कर्मचारी खर्च

कर्मचारी खर्च अन्तर्गत अल्पकालीन कर्मचारी सुविधा, सेवानिवृत्ति पश्चातको कर्मचारी सुविधा, अन्य दीर्घकालीन कर्मचारी सुविधा र सेवा समाप्तिको बखत प्रदान गर्ने सुविधाहरू पर्दछन् ।

#### ३.६.१.१ अल्कालिन कर्मचारी सुविधा

अल्कालिन कर्मचारी सुविधा अन्तर्गत कर्मचारीले सेवा पुर्‍याएको अवधि वा सो पश्चात १२ महिनाको अवधिभित्र फछ्र्यौट हुने सुविधाहरू (जस्तैः तलब, भत्ता आदि ) पर्दछन् ।

अल्पकालीन कर्मचारी सुविधालाई प्रोदभावी आधारमा खर्च लेखांकन गर्ने नीति लिइएको छ । पाकेको तर तिर्न बाँकी सुविधा बापतको भुक्तानीलाई दायित्वको रूपमा देखाईएको छ ।

#### ३.६.१.२ सेवानिवृत पश्चातको कर्मचारी सुविधा

यस्ता सुविधा अन्तर्गत निश्चित योगदान योजना (Defined Contribution Plan) तथा निश्चित सुविधायोजनाहरू (Defined Benefit Plan ) पर्दछन् ।

निश्चित योगदान योजना अन्तर्गत निकायले निश्चित रकम कर्मचारी अवकास सुविधा कोषमा जम्मा गरेपश्चात निकायको कानुनी तथा रचनात्मक (Consructive) दायित्व फछ्र्यौट हुने खालका सुविधाहरू पर्दछन् । संस्थाले प्रदान गर्ने सेवानिवृत्ति पश्चातको कर्मचारी सुविधामध्ये कर्मचारी सञ्चयकोष योगदान निश्चित योगदान योजनाको चरित्रसँग मिल्दछ । यस्तो सुविधालाई कम्पनीले यस वर्षको वित्तीय विवरणमा प्रोदभावी आधारमा खर्च लेखांकन गरेको छ ।

कम्पनीको कर्मचारी सेवा शर्त विनियमावली अनुसार कर्मचारी सञ्चयकोष योगदान बापत संस्थाले कर्मचारीको तलबमानको १० प्रतिशत रकम थप गरी कर्मचारीबाट सोही रकम कट्टा गरी स्वीकृत अवकास कोषमा जम्मा गर्ने नीति लिएको छ ।

निश्चित सुविधा योजना अन्तर्गत अवकासको बखत प्रदान गरिने सुविधा स्पष्ट भएको तर सुविधा बापत भुक्तान गरिने रकमको यकिन अवकास पाउने कर्मचारीले प्राप्त गर्ने अन्तिमतलबमानमा आधारित हुने सुविधाहरू पर्दछन् । यस्ता सुविधाहरुमा एक्चुरियल जोखिम (सुविधाको मूल्य सोचेभन्दा बढि पर्न सक्ने) तथा जोखिमहरू हुन सक्छन् ।

CDS and Clearing Ltd

कम्पनीको विनियमावलीले तोकेको आधारमा कम्पनीको कर्मचारीमध्ये सेवा निवृत हुँदा प्रदान गरिने देहाय बमोजिमका सुविधाहरू निश्चित सुविधा योजना अन्तर्गत पर्दछन्:

**क) कर्मचारी उपदान व्यवस्था**

सेवाबाट अवकास प्राप्त गरे पछि कर्मचारीहरूलाई भुक्तानी गर्नु पर्ने उपदान रकमको निमित्त कर्मचारीहरूको सेवा अवधि तथा कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीको आधारमा उपदान रकमलाई लेखांकन गरिएको छ । यस्तो लेखांकन NAS 19 अनुसार Actuarial Valuation Assumptions को आधारमा गरिएको छ। यस सम्बन्धी थप खुलासा टिप्पणी ४.१२ मा गरिएको छ।

**ख) बिदाबापतको रकमको व्यवस्था**

कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली बमोजिम सञ्चित हुने घरविदा तथा विरामी बिदाबापतको रकमलाई Actuarial Valuation Assumptions को आधारमा व्यवस्था गरिएको छ। यस सम्बन्धी थप खुलासा टिप्पणी ४.१२ मा गरिएको छ।

**३.६.१.३ अन्य दीर्घकालीन कर्मचारी सुविधा**

दीर्घकालीन कर्मचारी सुविधाअन्तर्गत लामो अवधिको बिदा, लामो अवधिको अशक्तता सुविधा लगायत पर्दछन्। संस्थाले प्रदान गर्ने यस्ता सुविधाहरूको लेखांकन एक्चुरियल मूल्यांकनको आधारमा गर्ने नीति लिएको छ।

**३.६.१.४ सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरू**

संस्थाले सेवा समाप्तिका बखत प्रदान गर्ने सुविधाहरू बापतको खर्च तथा दायित्वहरू देहायका मध्ये अघिल्लो मितिमा लेखांकन गर्ने नीति लिएको छ :

- कम्पनीले कर्मचारीको सेवा समाप्तिको लागि गरेको प्रस्ताव फिर्ता लिन सक्ने अवस्था नरहेमा, वा कम्पनी पुनर्सरचनाको लागि गर्ने खर्च नेपाल लेखामान ३७ को दायरा भित्र रहेको र सेवा समाप्तिको बखत भुक्तानी संलग्न रहेको।

**३.६.२ प्रशासकीय तथा साधारण खर्च**

कम्पनीको सञ्चालन खर्च अन्तर्गत चालु अवधिमा कार्य सञ्चालनका लागि भएका खर्चहरू रहन्छन् । यस्ता खर्चलाई प्रोदभावी आधारमा लेखांकन गरिएको छ।

**३.६.३ कर्मचारी बोनस खर्चको लागी व्यवस्था**

प्रचलित बोनस ऐन अनुसार आयकर व्यवस्था अघिको खुद नाफाको ८ प्रतिशत रकम बोनस बापत रकम छुट्याइ खर्च लेख्ने निति लिइएको छ।

CDS and Clearing Ltd

४. लेखा सम्बन्धि टिप्पणीहरू

**टिप्पणी ४.१ जायजेथा, प्लाण्ट र उपकरणको क्षयिकरण (Impairment of Property, Plant and Equipment)**
**असार ३२, २०७५ को जायजेथा, प्लाण्ट र उपकरणको परल मूल्यमा भएको परीवर्तन**

| विवरण | अफिस फर्निचर | अफिस सरसामान | कम्प्युटर तथा प्रिन्टर | कम्प्युटर हार्डवेयर (डि.आर साईट) | सवारी साधन | कार्यालय भौतिक संरचना निर्माण | जम्मा |
|---|---|---|---|---|---|---|---|
| साउन १, २०७४ को कुल लागत मूल्य | १९४,५८१ | २,७८०,८५६ | १,५६०,६४२ | ९९८,९२० | ५,६४७,८४० | १३,९६१,३४५ | २५,१४४,१८४ |
| थप खरीद (आ.व २०७४।७५ मा) | - | १,५२६,६५५ | ९८१,९०१ | - | - | - | २,५०८,५५६ |
| निसर्ग (आ.व २०७४।७५ मा) | - | - | - | - | - | - | - |
| *आषाढ ३२ २०७५ को कुल किताबी मूल्य (क)* | *१९४,५८१* | *४,३०७,५११* | *२,५४२,५४३* | *९९८,९२०* | *५,६४७,८४०* | *१३,९६१,३४५* | *२७,६५२,७४०* |
| साउन १, २०७४ सम्मको संचित ह्रासकट्टि खर्च | २९,७४९ | २,१६९,९७६ | १,३५६,९८६ | ११९,७८४ | ५,३१४,००५ | २,७९२,२६९ | ११,८६२,७६९ |
| ह्रास कट्टि खर्च (आ.व २०७४।७५ मा) | २७,५१९ | ३६५,२५३ | ४५,६७४ | ११९,७८४ | ३३३,८३५ | २,७९२,२६९ | ३,७६४,३३४ |
| रकमान्तर/स्थानान्तरण (आ.व २०७४।७५ मा) | - | - | - | - | - | - | - |
| *समायोजन पछिको संचित ह्रास कट्टि खर्च आषाढ ३२, २०७५ (ख)* | *५७,२६८* | *२,५३५,२२९* | *१,४०२,६६०* | *३९९,५६८* | *५,६४७,८४०* | *५,५८४,५३८* | *१५,६२७,१०३* |
| *आषाढ ३२, २०७५ को खुद किताबी मूल्य (क-ख)* | १३७,३१३ | १,७७२,२८२ | १,१३९,८८३ | ५९९,३५२ | - | ८,३७६,८०७ | १२,०२५,६३८ |

CDS and Clearing Ltd

| विवरण | अमुर्त सम्पत्ति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | कम्प्युटर हार्डवेयर तथा सफ्टवेयर (कास) | सफ्टवेयर (केन्द्रिय निक्षेप तथा राफसाफ) | सफ्टवेयर (लेखा सम्बन्धी) | सफ्टवेयर निर्माण (BOID) | |
| साउन १, २०७४ को कुल लागत मूल्य | २२,३८७,७०० | १२८,१२०,००० | १५९,३३० | १४८,९८८ | १५०,८१६,०१८ |
| थप खरीद (आ.व २०७४/७५ मा) | - | - | - | ३१६,४०० | ३१६,४०० |
| निसर्ग (आ.व २०७४/७५ मा) | - | - | - | - | - |
| आषाढ ३२ २०७५ को कुल किताबी मूल्य (क) | २२,३८७,७०० | १२८,१२०,००० | १५९,३३० | ४६५,३८८ | १५१,१३२,४१८ |
| साउन १, २०७४ सम्मको संचित ह्रासकट्टि खर्च | २०,७५३,३४९ | १२८,१२०,००० | १४०,०४० | २९,७९८ | १४९,०४३,१८७ |
| परिशोधन वा अपलेखन खर्च (आ.व २०७४/७५ मा) | १,६३१,५४२ | - | १९,२९० | ११३,०१५ | १,७६३,८४७ |
| रकमान्तर/स्थानान्तरण (आ.व २०७४/७५ मा) | - | - | - | - | - |
| समायोजन पछिको संचित ह्रासकट्टि खर्च आषाढ ३२, २०७५ (ख) | २२,३८४,८९१ | १२८,१२०,००० | १५९,३३० | १४२,८१३ | १५०,८०७,०३४ |
| | | | | | |
| आषाढ ३२, २०७५ को खुद किताबी मूल्य (क-ख) | २,८०९ | - | - | ३२२,५७५ | ३२५,३८४ |

टिप्पणी न. : ४.३ पूँजीकरण गरिनु पर्ने सम्पत्ति (Capital WIP)

| सि.न. | विवरण | ३२ असार, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|---|
| १. | कम्प्युटर हार्डवेयर (DR Site) | - | - |
| | जम्मा | - | - |

टिप्पणी न. : ४.४ कर्मचारी सापटि

| विवरण | ३२ आषाढ, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| **गैह चालु** | | |
| सामाजिक सुरक्षा सापटी | ४,४३३,८७९ | ५,५९७,७१९ |
| परिवहन सापटी | १,१०६,२०० | १,२३६,४७२ |
| जम्मा गैह चालु | ५,५४०,०७९ | ६,८३४,१९१ |
| **चालु** | | |
| जम्मा चालु | - | - |
| जम्मा | ५,५४०,०७९ | ६,८३४,१९१ |

टिप्पणी न. : ४.५ अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी

क) गैह चालु

| विवरण | ३२ असार, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| **गैह चालु** | | |
| अक्वा मिनिरल्स नेपाल प्रा. लि. | १०,५०० | १०,५०० |
| नेपाल टेलिकम | ७,५०० | ७,५०० |
| जम्मा गैह चालु | १८,००० | १८,००० |

CDS and Clearing Ltd

ख) चालु

| विवरण | ३२ असार, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| चालु | | |
| संचालक समिति तथा अन्य समिति पेश्की | ८९,२५० | १७,३१८ |
| *भुक्तानी पाउन बाँकी* | | |
| नेपाल स्टक एक्सचेन्ज-नेप्से | - | २,४३३,८९९ |
| निक्षेप सदस्यहरू तथा अन्य | ५२,३४७,२९३ | ४१,२८७,०८५ |
| *अग्रीम भुक्तानी* | | |
| फ्याक्ट नेपाल | ८८,२९५ | ८८,२९५ |
| टि.सी.एस. ईन्डीया लि. | १,५९६,७९० | १,५९६,७९० |
| डिप्टी टेक प्रा. लि. | - | ९५,५५६ |
| अन्ना सदस्यता | ३००,१५३ | २७६,८४८ |
| नेपाल लिंक नेटवर्क | ६,२६४ | - |
| अस्टल कम्प्युटर नेपाल | २५,३२२ | - |
| जम्मा चालु | ५४,४५३,३६७ | ४५,७९५,७९१ |

## टिप्पणी न. : ४.६ अग्रिम भुक्तानी

| विवरण | ३२ असार, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| गैह्र चालु | | |
| चालु | | |
| बीमा अग्रीम भुक्तानी - शिखर ईन्स्युरेन्स लि. | ३०८,३९८ | ३३९,७५३ |
| बीमा अग्रीम भुक्तानी - राष्ट्रिय बीमा संस्थान लि. | ८३,२२२ | ८५,९३२ |
| जम्मा | ३९१,६२० | ४२५,६८५ |

## टिप्पणी न. : ४.७ नगद तथा बैंक मौज्दात

| विवरण | ३२ आषाढ, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| बैंक मौज्दात | | |
| नेपाल एसबिआई बैंक लि. | ३०,०४९ | २९,७३१ |
| ग्लोबल आईएमई बैंक लि. | १२,७२५,९०१ | २५,४५५,६९७ |
| सिभिल बैंक लि. | १०८,९९६ | १०७,६७७ |
| बैंक अफ काठमाण्डू लि. | ५३४,६५० | १९९,३८७ |
| प्रभु बैंक लि. | ६,०९९,४५९ | २०,२०९ |
| सिद्धार्थ बैंक लि. | २००,६५३ | ५६,७१३ |
| बैंक अफ काठमाण्डू लि (सिडिएस पुल एकाउन्ट) | - | १२६ |
| जम्मा | १९,७०१,७०८ | २५,८६९,५४० |

## टिप्पणी न. : ४.८ अल्पकालीन लगानी

| विवरण | ३२ आषाढ, २०७५ | ३१ असार, २०७४ |
|---|---|---|
| बैंक मौज्दात | | |
| ग्लोबल आईएमई बैंक लि. (मुद्दती खाता नं ७५१६०१०००१२३९) | - | २१०,०००,००० |
